मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## संविधान दिवस: नेपालीहरुको लागि एतिहासिक दिन

**मधेशदृष्टि**
**कलैया।**
बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले संविधान दिवस नेपालीहरूका लागि गौरव र ऐतिहासिक दिन भएको बताएका छन्।
संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ को अवसरमा शनिबार जिल्ला प्रशासन कार्यालय बाराको सभाहलमा आयोजित कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी अधिकारीले संविधान नागरिकका इच्छा, आकांक्षा तथा तत्कालीन राजनीतिक अवस्थाको समाधानका आधारमा नागरिकका हक–अधिकार सुनिश्चित गर्न जारी गरिने देशको मूल कानुन भएको बताए।
उनले संविधानको मर्म र भावनाअनुसार यसको कार्यान्वयनमा सबैले योगदान गर्नुपर्नेमा जोड दिए।

वर्ष ४ • अंक २८४ • २०८३ साल असोज ०४ गते आइतबार • Sunday 20, September 2026 • सूर्योदय: बिहान ०५:४७ बजे • सूर्यास्त: साँझ ०६:११ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# खाजा पसलमै चक्कुले घाँटी रेटेर युवकको हत्या

**मधेशदृष्टि**
**बारा।**
जीतपुरसिमरा उपमहानगरपालिका–२, नेपाल केबुल अगाडि शनिबार साँझ खाजा पसलभित्र चक्कुले घाँटी रेटेर युवकको हत्या गरिएको छ। मृत्यु हुनेमा जीतपुरसिमरा–२ निवासी ३५ वर्षीय शेरबहादुर खड्का छन्।
सिमरास्थित सम्झना स्टाफ होटलमा खाजा खाँदै गरेका खड्कामाथि धारिलो हतियार प्रहार भएको थियो। गम्भीर घाइते भएका उनलाई तत्कालै उपचारका लागि जीतपुरसिमरा नगर अस्पताल लगिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि वीरगंजस्थित बयोधा अस्पताल पुऱ्याइएको थियो। बयोधा अस्पतालमा चिकित्सकले इसिजी गरेलगत्तै खड्कालाई मृत घोषणा गरेका हुन्। उनको शव बयोधा अस्पतालमै राखिएको छ। प्रहरीले घटनाको मुचुल्का उठाउने तथा आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाएको जनाएको छ। प्रारम्भिक विवरणअनुसार खड्का होटलमा बसिरहेका बेला चार जना युवा मदिरा सेवन गरी त्यहाँ पुगेका थिए। उनीहरूमध्ये कसले चक्कु प्रहार गरेको भन्ने यकिन भइसकेको छैन। घटनामा संलग्न व्यक्ति स्थानीय नै रहेको प्रारम्भिक जानकारी छ।
घटनापछि दुई युवक घटनास्थलबाट फरार भएका छन् भने अन्य दुई जना घाइते खड्कासँगै एम्बुलेन्समा अस्पताल पुगेका थिए। उनीहरूलाई अस्पतालबाटै प्रहरीले नियन्त्रणमा लिएको छ।
फरार रहेकाहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ।
घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले घटनास्थललाई नियन्त्रणमा लिएर सुरक्षित राख्नुका साथै प्रत्यक्षदर्शी तथा घटनासँग सम्बन्धित व्यक्तिहरूसँग सोधपुछ गरिरहेको छ।
हत्या किन र कुन परिस्थितिमा भयो तथा घटनामा संलग्न व्यक्तिहरूको भूमिका के थियो भन्ने विषयमा प्रहरीले अनुसन्धान अघि बढाएको छ। घटनाले सिमरा क्षेत्रमा सुरक्षा व्यवस्थामाथि समेत प्रश्न उठाएको छ।

## देवानगंजमा फेरि गोली चल्यो

**मधेशदृष्टि**
**सुनसरी।**
देवानगंज गाउँपालिका–१ मा गोली प्रहारबाट युवक घाइते भएका छन्। प्रहरीले घटनामा संलग्न आरोपमा दुई जनालाई पक्राउ गरेको छ।
गोली लागेर देवानगंज गाउँपालिका वडा नम्बर १ का निरज यादव घाइते भएका हुन्। उनको तिघ्रामा गोली लागेको छ।
उनको विराटनगरस्थित नोबेल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।
जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डीएसपी चन्द्र खड्काले गोली प्रहार भएको पुष्टि गरे। उनले घटनाको विस्तृत विवरण आउन बाँकी रहेको बताए। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। यसअघि साउनमा देवानगंजमा दुई समुदायबी भएको झडप नियन्त्रणमा प्रहरीले गोली चलाउँदा ३ जनाको मृत्यु भएको थियो। देवानगंज घटनापछि मधेश प्रदेशमा समेत हिंसा फैलिएको थियो।

# प्याजको भाउ महिनामै दोब्बर वृद्धि



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा पछिल्लो एक महिनामा प्याजको मूल्य दोब्बर पुगेको छ। भारतीय बजारमा प्याजको मूल्य बढेसँगै त्यसको प्रत्यक्ष असर मधेशका बजारमा परेको हो।
जनकपुर बजारमा भदौ अन्तिम साता प्रतिकिलो ४५ रुपैयाँ रहेको प्याजको थोक मूल्य अहिले बढेर ८५ देखि ९० रुपैयाँसम्म पुगेको छ। ढुवानी, भण्डारण र खुद्रा व्यापारीको नाफासमेत जोडिँदा उपभोक्ताले प्रतिकिलो १ सय ५ देखि १ सय १० रुपैयाँसम्म तिर्नुपरेको छ।
व्यवसायीहरूका अनुसार भारतमा आन्तरिक व्यवस्थापनमा कडाइ गरिएपछि त्यहाँकै बजारमा प्याजको मूल्य बढेको हो। भारतबाट आयात हुने प्याजको थोक मूल्य बढ्दा त्यसको असर नेपालमा समेत परेको उनीहरूको भनाइ छ।
मधेशमा प्याजको उत्पादन हुने क्षेत्र पर्याप्त भए पनि बजारको माग धान्न भारतमै निर्भर हुनुपरेको व्यवसायीहरू बताउँछन्। उत्पादन, भण्डारण र व्यवस्थापनमा सरकारले पर्याप्त ध्यान दिन नसक्दा आयातमा निर्भरता बढेको उनीहरूको भनाइ छ। अहिले नेपालमा आयात हुने प्याजमध्ये करिब ७० प्रतिशत भारतको महाराष्ट्रस्थित नासिक र ३० प्रतिशत मध्य प्रदेशको इन्दोरबाट आउने गरेको व्यवसायीहरू बताउँछन्।
कृषि ज्ञान केन्द्रका अनुसार आर्थिक वर्ष २०८१÷८२ मा धनुषामा ८ सय ३२ हेक्टर क्षेत्रफलमा प्याज खेती गरिएको थियो। उक्त क्षेत्रबाट १३ हजार ४ सय १७ मेट्रिकटन प्याज उत्पादन भएको थियो। त्यस्तै, मधेश प्रदेशका आठवटै जिल्लामा १० हजार ७ सय ५९ हेक्टर क्षेत्रफलमा गरिएको खेतीबाट १ लाख ५४ हजार ६ सय १३ मेट्रिकटन प्याज उत्पादन भएको थियो।
प्रदेशमा उल्लेख्य परिमाणमा प्याज उत्पादन भए पनि उत्पादनको समयमा बजार व्यवस्थापन र भण्डारणको उचित व्यवस्था नहुँदा किसानले उत्पादन गरेको प्याज लामो समयसम्म सुरक्षित राख्न नसक्ने अवस्था रहेको व्यवसायीहरूको भनाइ छ। त्यसले बजारमा स्वदेशी उत्पादनको उपलब्धता घट्दा आयातमा निर्भरता बढ्ने गरेको उनीहरू बताउँछन्।
प्याजसँगै मधेशका बजारमा अन्य दैनिक उपभोग्य वस्तुको मूल्यसमेत बढेको छ। चामल, दाल, तेल, चिनी, पिठोलगायतका खाद्यवस्तुको मूल्य बढ्दा न्यून तथा मध्यम आम्दानी भएका परिवार बढी प्रभावित भएका छन्।
विराटनगर बजारमा चिनीको मूल्य प्रतिकिलो १ सय ३० देखि १ सय ५० रुपैयाँसम्म पुगेको छ। एक महिनाअघि ७० देखि ९० रुपैयाँमा पाइने चिनीको मूल्यमा उल्लेख्य वृद्धि भएको हो। जीरा मसिनो चामलको २५ केजीको बोरा २७ सय रुपैयाँ पुगेको छ भने एक महिनाअघि उक्त चामल २२ सयदेखि २३ सय रुपैयाँसम्ममा पाइन्थ्यो।
खानेतेलको मूल्यसमेत एक महिनामा प्रतिलिटर २ सय ८० रुपैयाँबाट बढेर ३ सय ३० रुपैयाँ पुगेको छ। रहर दाल प्रतिकिलो २ सय १०, मुसुरो १ सय ३५, चना १ सय ६०, कालो दाल २ सय २०, मुङ दाल १ सय ८० र पिठो ९० रुपैयाँमा किनबेच भइरहेको छ।
उपभोक्तावादीहरूले अत्यावश्यक वस्तुको मूल्य निर्धारण र बजार अनुगमन प्रभावकारी हुन नसक्दा उपभोक्ता मारमा परेको बताएका छन्। उनीहरूका अनुसार अत्यावश्यक उपभोग्य वस्तुका लागि स्पष्ट मापदण्ड र मूल्य निर्धारण प्रणाली नहुँदा बजारमा मूल्य अस्वाभाविक रूपमा बढ्ने गरेको छ।
व्यापारीहरूले भने इरान–अमेरिका द्वन्द्वका कारण इन्धनको मूल्य बढ्दा ढुवानी खर्चसमेत बढेको र त्यसको प्रभाव उपभोग्य वस्तुको मूल्यमा परेको दाबी गरेका छन्। उत्पादन तथा ढुवानी लागत बढेकाले बजार मूल्य बढेको उनीहरूको तर्क छ।
उपभोक्ताहरूले भने बजार अनुगमनलाई प्रभावकारी बनाउन, मूल्यसूची अनिवार्य गर्न र उत्पादन तथा भण्डारण व्यवस्थापनमा सरकारको ध्यान जानुपर्ने माग गरेका छन्।

# बसपार्क अलपत्र, चोकचोकमा यात्रु तानातान




मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशको राजधानी जनकपुरधाममा सुविधा सम्पन्न बसपार्क निर्माणको योजना सुरु भएको चार वर्ष बितिसक्दा पनि पूरा हुन सकेको छैन। निर्माण सम्पन्न भइसक्नुपर्ने समय गुज्रिसक्दा बसपार्कको अवस्था झन् अस्तव्यस्त बनेको छ।
जनकपुरधाम उपमहानगरपालिका–२३ मा निर्माणाधीन बसपार्क अहिले यात्रुका लागि प्रयोगविहीनजस्तै बनेको छ। बसपार्कभित्र सडकमा खाल्डाखुल्डी, जमेको पानी र हिलोका कारण यात्रुलाई आवतजावत गर्न समस्या हुने गरेको छ। ठाउँठाउँमा फोहर थुप्रिएको र दुर्गन्ध फैलिएका कारण यात्रु बसपार्कभित्र पुग्नसमेत रुचाउँदैनन्।
बसपार्कभित्रका सडकमा सवारीसाधन गुड्दा हिलो उछिट्टिएर पैदलयात्रीको कपडा फोहोर हुने अवस्था छ। त्यसैले अहिले बसपार्क मुख्यतः बस तथा अन्य सवारीसाधन पार्किङ गर्ने ठाउँका रूपमा सीमित भएको छ। टिकट काट्न र बस चढ्न यात्रुहरू बसपार्क पुग्ने अवस्था छैन।
बसपार्कको मुख्य प्रवेशद्वारमा भने लाखौँ रुपैयाँ खर्च गरेर भव्य संरचना निर्माण भइरहेको देखिन्छ। तर प्रवेशद्वार पार गरेपछि भित्रको अवस्था भने त्यसको ठीक विपरीत छ। सडकमा हिलो र पानी जमेको छ भने ठाउँठाउँमा सडेगलेका फोहरको थुप्रो देखिन्छ। त्यही अव्यवस्थित वातावरणबीच बसहरू पार्किङ गरिएका छन्।
बसपार्कभित्र निर्माण भएका भौतिक संरचनासमेत संरक्षण र व्यवस्थापनको अभावमा जीर्ण बन्दै गएका छन्। खुला ठाउँमा अग्ला घाँस र झाडी बढेका छन्। व्यवस्थित सार्वजनिक शौचालयको अभावमा कतिपय मानिस त्यही झाडीमा शौच गर्न बाध्य छन्। बसपार्क छाडा चौपायाको आश्रयस्थलसमेत बन्न थालेको छ।
बसपार्कभित्र भेटिएका यातायातकर्मी मोहन प्रसाद साहले अहिलेको अवस्थाप्रति असन्तुष्टि जनाउँदै बसपार्क नाममा मात्र सीमित भएको बताए।
'बसपार्क नामको लागिमात्रै हो। यहाँको अवस्था तपाईंले देख्नुभएकै छ त, कुन एङ्गलबाट यसलाई बसपार्क भन्ने ?' उनले भने।
विभिन्न रुटमा सञ्चालन हुने बस पार्किङ गर्नुपर्ने भएकाले मात्रै यातायातकर्मीको चहलपहल देखिने गरेको साहले बताए। उनका अनुसार यात्रु भने बसपार्कमा आउन छाडेका छन्। जनकपुरबाट बाहिरिने यात्रुहरूले भमरपुरा चोक, रामानन्द चोक र पिडारी चोकबाटै बस चढ्ने गरेका छन्।
'भरतपुर, वीरगंज, विराटनगर लगायतका बसपार्कहरूभन्दा यो बसपार्कको क्षेत्रफल निकै ठूलो भए पनि व्यवस्थापनमा न बस व्यवसायी संघको ध्यान गएको छ, न त राज्यकै,' उनले भने।
राजविराज जाने तयारीमा रहेका बस चालक श्यामसुन्दर दासले पनि बसपार्कमा यात्रु नआउने गरेको बताए। आफू बस लिएर

*बाँकी पृष्ठ ३ मा*

# भारतीय उद्योगी, व्यवसायीलाई नेपालमा लगानी गर्न अर्थमन्त्रीको आग्रह




**काठमाडौँ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भारतीय लगानीकर्ता, उद्योगी तथा व्यवसायीलाई नेपालमा लगानी र व्यापारका पर्याप्त अवसर रहेको बताएका छन्।
भारत भ्रमणक्रममा उनले नेपालमा रहेको लगानीको अवसरलाई सदुपयोग गर्न त्यहाँका लगानीकर्तालाई आह्वान गरेका हुन्।
नयाँदिल्लीस्थित इन्डिया ह्याबिट्याट सेन्टरमा कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्री (सिआइआइ)द्वारा शनिबार आयोजित व्यापार तथा लगानी अन्तरक्रियामा अर्थमन्त्री डा. वाग्लेले उदीयमान लगानीका अवसरमाथि प्रकाश पार्दै आर्थिक रूपान्तरणमा सहभागी हुन आह्वान गरेका हुन्। उनले नेपालले उच्च वृद्धिको सम्भावना भएका क्षेत्रमा लगानीका लागि ठूलो अवसर प्रदान गर्ने उल्लेख गर्दै पहिले नै नेपालमा सञ्चालित भारतीय कम्पनीलाई आफ्नो लगानी विस्तार गर्न र नयाँ लगानीकर्तालाई नेपाली बजारको खोजी गर्न आग्रह गरे।
मन्त्री वाग्लेले नेपाल सरकार सुशासन, आर्थिक समृद्धि, लगानी सहजीकरण र संरचनात्मक आर्थिक रूपान्तरणको एजेन्डामा अघि बढिरहेकामा जोड दिए। उनले नीतिगत सुधारलाई तीव्र बनाउन र अझ बढी अनुमानयोग्य, पारदर्शी तथा लगानीमैत्री व्यावसायिक वातावरण सिर्जना गर्न सरकारले लागिपरेको स्पष्ट पारे।
'सूचना प्रविधि, स्वच्छ ऊर्जा, उच्च मूल्यको कृषि, पर्यटन र उत्पादन साझेदारीको अवधारणामा आधारित उत्पादन क्षेत्र नेपालको अर्थतन्त्रका महत्त्वपूर्ण वाहकका रूपमा उदय भइरहेका छन,' मन्त्री वाग्लेले भने, 'भारतीय व्यवसायीलाई नेपाललाई बजारका रूपमा मात्र नभई लगानी, उत्पादन, मूल्य अभिवृद्धि र क्षेत्रीय तथा विश्वव्यापी आपूर्ति शृङ्खलामा एकीकरणका लागि रणनीतिक साझेदारका रूपमा हेर्न चाहन्छौँ।'
उनले वार्षिक बजेट, कर सुधार र लगानीकर्तामैत्री नीतिगत पहलमार्फत नेपाल सरकारले हालै चालेका कदम व्यावसायिक वातावरण सुधार गर्न, लगानीका बाधाहरू हटाउन र निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धिलाई सहज बनाउन लक्षित रहेको स्पष्ट पारे। उनले नेपाल र भारतबीचको दीर्घकालीन आर्थिक सम्बन्धले द्विपक्षीय व्यापार र लगानी विस्तारका लागि बलियो आधार प्रदान गरेको उल्लेख गरे।
कार्यक्रममा भारतीय व्यावसायिक नेताहरू र निजी क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति थियो।

## कांग्रेसको १५औँ महाधिवेशन: ४३ जिल्लाका ३,३९६ वडामा अधिवेशन सम्पन्न

**काठमाडौँ।**
नेपाली कांग्रेसले आगामी असोज १६ देखि १९ गतेसम्म हुन गइरहेको १५औँ केन्द्रीय महाधिवेशनअन्तर्गत शनिबार मुलुकभर वडा अधिवेशन प्रक्रिया उत्साहप्रद रूपमा प्रारम्भ भएको जनाएको छ।
निर्वाचन कार्यक्रमअन्तर्गत ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, धनकुटा, सोलुखुम्बु, उदयपुर, झापा, मोरङ, महोत्तरी, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, भक्तपुर, ललितपुर, काठमाडौँ, गोरखा, कास्की, मनाङ, पर्वत, स्याङ्जा, बागलुङ, नवलपुर, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्व), रोल्पा, प्युठान, रुकुमपश्चिम, डोल्पा, जुम्ला, मुगु, हुम्ला, जाजरकोट, दैलेख, सुर्खेत, डोटी, अछाम, दार्चुला, बैतडी, कञ्चनपुर र कैलाली जिल्ला गरी ४३ जिल्लाका तीन हजार ३ सय ९६ वडामा अधिवेशनपश्चात निर्वाचन सम्पन्न भएको कांग्रेसको निर्वाचन समितिले जनाएको छ।
शनिबार भएको वडा अधिवेशनबाट वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन हुनुभएको समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिए। यसैगरी, केन्द्रीय निर्वाचन समितिबाट प्रकाशित कार्यतालिका अनुसार रसुवा, नुवाकोट र धादिङ जिल्लाबाहेक अन्य ३१ जिल्लाको वडा अधिवेशन भोलि असोज ४ गते पनि निरन्तर जारी रहने उनले बताए।

## सम्पादकीय

## संविधान संशोधनको मुद्दा:

# भोट माग्ने सूत्र कि वास्तविक प्रतिबद्धता ?

संविधान संशोधन नेपालको राजनीतिक बहसमा सबैभन्दा बढी दोहोरिने, तर सबैभन्दा कम कार्यान्वयन हुने मुद्दामध्ये एक बनेको छ। विशेषतः मधेशका दल र नेताहरूले निर्वाचनका बेला संविधान संशोधनलाई अधिकार, समानता र पहिचानको मुख्य एजेन्डा बनाउँदै जनतासँग मत माग्छन् । उनीहरूका भाषणमा संशोधन मधेशको सम्मान, प्रतिनिधित्व र संघीयताको सुदृढीकरणसँग जोडिन्छ । तर चुनाव सकिएपछि यही मुद्दा प्राथमिकताको सूचीबाट हराउँदै जान्छ र सत्ता समीकरण, मन्त्रालय बाँडफाँट तथा व्यक्तिगत राजनीतिक लाभले स्थान लिन्छ । यसले संविधान संशोधनलाई जनताको अधिकारको प्रश्नभन्दा पनि भोट माग्ने सूत्रमा सीमित गरेको देखिन्छ। मधेशका नेताहरूले आफ्नो राजनीतिक अस्तित्व नै संविधान संशोधनको मुद्दाबाट निर्माण गरेका हुन्। मधेश आन्दोलन, समावेशिता, नागरिकता, निर्वाचन क्षेत्र निर्धारण, राज्यका निकायमा समानुपातिक प्रतिनिधित्व र संघीय अधिकारका विषय उनीहरूको राजनीतिक घोषणापत्रका आधार हुन् । तर सत्तामा पुगेपछि ती मागलाई संस्थागत रूपमा अघि बढाउन आवश्यक राजनीतिक दबाब, साझा रणनीति र निरन्तर जनसम्बन्ध कायम गर्न उनीहरू असफल भएका छन्। केन्द्रमा सत्ताको हिस्सा पाएपछि आन्दोलनको ऊर्जा पद र शक्तिको व्यवस्थापनमा खर्च हुने गरेको छ। परिणामतः जनताले परिवर्तनको आश्वासन पाउँछन्, तर व्यवहारमा पुरानै असमानता कायम रहन्छ।

संविधान संशोधन कठिन विषय हो, तर कठिन हुनु र असम्भव हुनु एउटै कुरा होइन। संशोधनका लागि संसद्मा आवश्यक संख्या, राष्ट्रिय सहमति र स्पष्ट प्रस्ताव चाहिन्छ । मधेशकेन्द्रित दलहरूले आफूहरूबीचको विभाजन अन्त्य गरी साझा न्यूनतम एजेन्डा तय गर्नुपर्ने थियो । साथै, संशोधनका विषयलाई भावनात्मक नारामा सीमित नगरी कुन धारा किन संशोधन गर्नुपर्ने हो, त्यसको संवैधानिक, राजनीतिक र व्यावहारिक आधार जनतासामु राख्नुपर्थ्यो। उनीहरूले सत्तारूढ दलहरूसँग लिखित प्रतिबद्धता, समयसीमा र सार्वजनिक जवाफदेहिता माग्न सकेनन् वा मागे पनि त्यसलाई कार्यान्वयन गराउन निर्णायक दबाब सिर्जना गर्न सकेनन्।

सत्तामा पुगेपछि मुद्दा बिर्सनुको मूल कारण केवल नेताहरूको कमजोरी होइन, नेपालको सत्ता संरचनामा रहेको अवसरवादी राजनीतिक संस्कार पनि हो। सरकार टिकाउन गठबन्धन फेरबदल, पदको लोभ र केन्द्रीय नेतृत्वको दबाबले क्षेत्रीय मुद्दालाई कमजोर बनाउँछ। तर यसलाई बहाना बनाएर नेताहरू आफ्नो जिम्मेवारीबाट उम्कन

सक्दैनन्। जनताले उनीहरूलाई सत्ता उपभोग गर्न मात्र होइन, आफ्नो अधिकारका लागि संघर्ष गर्न चुनेका हुन्। त्यसैले सत्तामा सहभागी हुनु आफैंमा समस्या होइन; समस्या त मुद्दा कार्यान्वयनको स्पष्ट कार्ययोजना र सार्वजनिक दबाबबिना सत्तामा विलीन हुनु हो।

अब संविधान संशोधनको मुद्दालाई चुनावी घोषणापत्रको सजावटी वाक्य होइन, निरन्तर राजनीतिक दायित्व बनाइनुपर्छ । मधेशका दलहरूले साझा मोर्चा निर्माण गरी संशोधनका प्राथमिक विषय, समयसीमा र वार्ताको ठोस खाका सार्वजनिक गर्नुपर्छ। जनताले पनि हरेक निर्वाचनमा नाराभन्दा विगतको कार्यसम्पादनका आधारमा नेताहरूको मूल्यांकन गर्नुपर्छ।

संविधान संशोधन राष्ट्रिय सहमति र लोकतान्त्रिक प्रक्रियाबाटै हुनुपर्छ, तर सहमतिको नाममा अनन्तकालसम्म टारिनु हुँदैन। यदि नेताहरूले फेरि पनि मुद्दालाई भोट माग्ने भऱ्याङ मात्र बनाए भने जनताको असन्तुष्टि अझ गहिरिनेछ र मधेशको राजनीति स्वयं विश्वसनीयताको संकटमा पर्नेछ।

## सङ्घीयतापछि दलित र सीमान्तकृत

# समुदायको जीवनमा आएको परिवर्तन

–राजु विश्वकर्मा/रासस

कुनै बेला सार्वजनिक कार्यक्रममा आफ्नो कुरा राख्नसमेत हिच्किचाउने धनुषाको सबैला नगरपालिकाका रेणु महरा अहिले स्थानीय सरकारको निर्णय प्रक्रियामा सक्रिय सहभागी हुनुहुन्छ । सामान्य लेखपढ गर्न जान्ने महरा हाल जनप्रतिनिधिका रूपमा नगरपालिकाको योजना निर्माण तथा कार्यान्वयनमा आफ्नो भूमिका निर्वाह गर्दै आउनुभएको छ।

दलित समुदायभित्र पनि लामो समयदेखि सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएको चमार जातकी महराका लागि जनप्रतिनिधिको जिम्मेवारी सम्हाल्नु केवल व्यक्तिगत उपलब्धि मात्र होइन, सामाजिक परिवर्तनको एउटा उदाहरणसमेत हो । 'पहिले सार्वजनिक ठाउँमा गएर आफ्ना कुरा राख्न पनि अप्ठ्यारो लाग्थ्यो, अहिले समुदायका समस्या लिएर बैठकमा बोल्न र समाधानका लागि पहल गर्नसक्ने भएकी छु,' उहाँ भन्नुहुन्छ, 'संविधानमा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरेपछि म जस्ता थुप्रै दलित महिलाहरुले जनप्रतिनिधि बन्ने अवसर मात्र पाएको छैन्, निर्णय प्रक्रियामा सहभागीसमेत भएका छन्।'

सङ्घीयता कार्यान्वयनपछि स्थानीय तहमा संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएसँगै दलित तथा सीमान्तकृत समुदायका व्यक्तिले राज्यको निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउने अवसर पाएका छन्। रेणुको अनुभव त्यसैको एउटा उदाहरण हो।

स्थानीय सरकारको योजना निर्माणदेखि कार्यान्वयनसम्म जनप्रतिनिधिका रूपमा सहभागी हुँदा आफ्नो समुदायका आवश्यकता र समस्या प्रत्यक्ष रूपमा उठाउन सकिएको हंसपुर नगरपालिकाका कार्यपालिका सदस्य राजेश पासवान बताउनुहुन्छ । 'हाम्रो बस्तीमा के आवश्यकता छ, कुन समस्या पहिले समाधान गर्नुपर्छ भन्ने विषयमा अब हामी आफैँ कुरा राख्न सक्छौँ,' पासवानले भन्नुभयो।

सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएका समुदायको राज्यका निकायहरुमा सहभागिता विस्तार हुनु सङ्घीयतापछिको महत्वपूर्ण परिवर्तनका रूपमा देखिएको उहाँको भनाइ छ। संविधानले समानुपातिक समावेशीकरणलाई राज्य सञ्चालनको आधार बनाएपछि स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्वका लागि संवैधानिक व्यवस्था गरिएको छ । यसले लामो समयदेखि सार्वजनिक निर्णय प्रक्रियाबाट बाहिर रहेका समुदायका महिलालाई स्थानीय शासनमा सहभागी हुने अवसर प्रदान गरेको छ।

रेणु महरा जस्तै धेरै दलित महिला अहिले वडा, कार्यपालिका तथा स्थानीय तहका विभिन्न समितिमा सहभागी भएर समुदायका समस्या उठाउँदै आएका छन्। उहाँहरूको सहभागिताले स्थानीय सरकारका नीति तथा कार्यक्रमलाई समुदायको वास्तविक आवश्यकतासँग जोड्ने अवसरसमेत बढाएको छ । सङ्घीयता र संविधानले अधिकार सुनिश्चित गरेसँगै सामाजिक रूपमा पछाडि पारिएका समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउने प्रयास पनि तीव्र भएका छन्। सप्तरीका दलित अगुवा युक्तिलाल मरिकका अनुसार विगतमा वडा कार्यालय तथा विद्यालय नजिकै घर भएका कतिपय दलित तथा सीमान्तकृत समुदायका बालबालिका विद्यालय जानबाट बञ्चित हुने अवस्था थियो।

राजविराज नगरपालिका–९ मलेठमा बसोबास गर्ने डोम समुदायका कतिपय बालबालिका विगतमा विद्यालय जाने गरेका थिएनन्। अहिले भने समुदायमा शिक्षासम्बन्धी चेतना बढ्नुका साथै स्थानीय तह र विद्यालयबाट उपलब्ध गराइने विभिन्न सुविधा पाएपछि बालबालिका विद्यालय पुग्न थालेको मरिकको भनाइ छ। 'पहिले विद्यालय नजिकै घर भए पनि डोम समुदायका धेरै बालबालिका विद्यालय जादैन्थे। अहिले अभिभावकमा पनि शिक्षा आवश्यक छ भन्ने चेतना बढेको छ,' मरिकले भन्नुभयो।

विद्यालय तहको शिक्षा निःशुल्क हुनुका साथै दलित विद्यार्थीलाई छात्रवृत्ति, दिवा खाजालगायतका सुविधा उपलब्ध हुन थालेपछि आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई विद्यालयसम्म ल्याउन सहयोग पुगेको उहाँको कथन छ । दलित तथा सीमान्तकृत समुदायको जीवनमा आएको परिवर्तन केबल सरकारी सेवा तथा सुविधामा मात्र सीमित छैन। शिक्षाको पहुँच र राज्यका निकायमा प्रतिनिधित्व बढेसँगै समुदायको सोच र सामाजिक व्यवहारमा समेत क्रमिक परिवर्तन आउन थालेको छ।

विगतमा विद्यालय जान नसकेका समुदायका बालबालिका अहिले नियमित विद्यालय जान थालेका छन् । स्थानीय तहमा आफ्नै समुदायका प्रतिनिधि निर्वाचित भएपछि सरकारी कार्यालयमा आफ्ना समस्या राख्न पनि सहज भएको दलित समुदायका अगुवा तथा सप्तरीको बोदे बरसाइन नगरपालिका–२ का वडाध्यक्ष रामप्रसाद राम बताउनुहुन्छ । दलित महिला तथा सीमान्तकृत समुदायका व्यक्तिको राजनीतिक सहभागिताले नयाँ पुस्तामा समेत आत्मविश्वास बढाएको छ। सार्वजनिक पदमा पुगेका व्यक्तिलाई देखेर समुदायका बालबालिकामा आफू पनि नेतृत्वमा पुग्न सक्छु भन्ने भावना विकास हुन थालेको वडाअध्यक्ष रामको भनाइ छ।

सुनिता राउतको राजनीतिक सहभागिता र सप्तरीको डोम समुदायका बालबालिका विद्यालय पुग्न थालेको अवस्थाले सङ्घीयतापछिको परिवर्तनलाई नजिकबाट बुझ्न सकिने आधार दिन्छ। एकातिर हिजो सार्वजनिक कार्यक्रममा बोल्नसमेत हिच्किचाउने समुदायकी महिला आज स्थानीय सरकारको योजना निर्माणमा सहभागी हुनुहुन्छ भने अर्कोतिर विद्यालयको पहुँचमा रहेर पनि पढ्न नजाने समुदायका बालबालिका शिक्षाको अवसर लिन विद्यालय पुग्न थालेका छन्। यी परिवर्तनले संविधानमा उल्लेख गरिएको समानता, सामाजिक न्याय र समावेशीकरणको अवधारणा व्यवहारमा कार्यान्वयन हुने क्रममा रहेको देखाएको दलित समुदायका अगुवा सिजेन्द्र सदा बताउनुहुन्छ।

यद्यपि, यस्तो परिवर्तनलाई सबै दलित, विपन्न तथा सीमान्तकृत समुदायसम्म पु¥याउन राज्यका तीनै तहले लक्षित कार्यक्रमलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता उहाँ औँल्याउनुहुन्छ । सङ्घीयतापछि प्रतिनिधित्व र सेवामा पहुँच बढे पनि दलित तथा सीमान्तकृत समुदायका सबै समस्या समाधान भइसकेका छैनन्।

गरिबी, भूमिहीनता, बेरोजगारी, गुणस्तरीय शिक्षामा सीमित पहुँच, सामाजिक विभेद तथा छुवाछुतजस्ता समस्या अझै चुनौतीका रूपमा रहेको भूमि अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डल खत्वे बताउनुहुन्छ । उहाँका अनुसार स्थानीय तहमा प्रतिनिधित्व पाएपनि निर्वाचित दलित जनप्रतिनिधिलाई निर्णय प्रक्रियामा प्रभावकारी भूमिका दिनुपर्ने, लक्षित समुदायका लागि छुट्याइएको बजेट वास्तविक लाभग्राहीसम्म पु¥याउनुपर्ने तथा शिक्षा र रोजगारीका अवसर विस्तार गर्नुपर्ने आवश्यकता छ।

संविधानले अधिकारको सुनिश्चितता गरे पनि त्यसको वास्तविक अनुभूति नागरिकको जीवनमा हुनुपर्नेमा उहाँको जोड छ। दलित तथा सीमान्तकृत समुदायको जीवनस्तरमा दीर्घकालीन परिवर्तन ल्याउन शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि र आवाससँग सम्बन्धित कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ। संविधान जारी भएको एक दशक पूरा हुँदै गर्दा सङ्घीयता कार्यान्वयनका क्रममा स्थानीय तहसम्म अधिकार र स्रोत पुगेपछि यसको प्रत्यक्ष प्रभाव समुदायस्तरमा देखिन थालेको हो।

स्थानीय तहमा जनप्रतिनिधिको उपस्थिति, लक्षित वर्गका लागि बजेट तथा कार्यक्रम, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा पहुँच विस्तारले दलित तथा सीमान्तकृत समुदायलाई राज्यसँग नजिक ल्याएको अधिकारकर्मी बिनोद महराको अनुभव छ। उहाँका अनुसार नेपालको संविधानले दलित समुदायको हकलाई छुट्टै रूपमा सम्बोधन गरेको छ । संविधानको धारा ४० ले दलितलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ। त्यस्तै, दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था, स्वास्थ्य र सामाजिक सुरक्षामा विशेष अवसर तथा भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउने व्यवस्था गरेको छ।

ंविधानको धारा ४२ ले आर्थिक, सामाजिक वा शैक्षिक रूपमा पछाडि परेका दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रलगायत विभिन्न समुदायलाई राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको हक सुनिश्चित गरेको छ। 'सङ्घीयता कार्यान्वयनपछि देखिएको महत्वपूर्ण परिवर्तन राजनीतिक प्रतिनिधित्व हो,' अधिकारकर्मी महरा भन्नुहुन्छ, 'स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व अनिवार्य गरिएपछि हजारौँ दलित महिला निर्वाचित भएर स्थानीय सरकारको निर्णय प्रक्रियामा सहभागी भएका छन्।'

स्थानीय तह निर्वाचन, २०७९ मा ठूलो सङ्ख्यामा दलित महिला वडा सदस्य निर्वाचित भएका थिए । यसले राजनीतिक निर्णय प्रक्रियामा दलित महिलाको सहभागिताका लागि संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्ने आधार तयार गरेको उहाँको कथन छ । वडा तहमा निर्वाचित दलित महिला सदस्यले आफ्नो समुदायका शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, आवास, सामाजिक सुरक्षा तथा विभेदसँग सम्बन्धित समस्या स्थानीय सरकारसमक्ष राख्ने अवसर पाएको उहाँ बताउनुहुन्छ।

यसअघि राज्यका निर्णय प्रक्रियाबाट टाढा रहेका समुदायका महिलाले सार्वजनिक जिम्मेवारी सम्हाल्ने वातावरण निर्माण हुनु सामाजिक परिवर्तनको महत्वपूर्ण पक्षका रूपमा देखिएको उहाँको भनाइ छ । तर जनप्रतिनिधि हुँदैमा निर्णय प्रक्रियामा प्रभावकारी भूमिका सुनिश्चित हुन्छ भन्ने अवस्था सबै ठाउँमा समान छैन । कतिपय स्थानीय तहमा दलित महिला जनप्रतिनिधिको सहभागिता अझै औपचारिक हुने गरेको र उहाँहरूलाई नीति, योजना तथा बजेट निर्माणमा पर्याप्त भूमिका दिनुपर्ने आवश्यकता रहेको अधिकारकर्मी महरा बताउनुहुन्छ।

उहाँका अनुसार सङ्घीयताको अर्को महत्वपूर्ण पक्ष राज्यका सेवा नागरिकको घरदैलो नजिक पुग्नु हो । स्थानीय तहबाट जन्मदर्ता, सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, पूर्वाधार तथा विभिन्न सिफारिसका सेवा उपलब्ध हुन थालेपछि विपन्न तथा सीमान्तकृत समुदायका नागरिकलाई सेवा लिन टाढा जानुपर्ने बाध्यता घटेको छ । स्थानीय तहले आफ्नै क्षेत्रको सामाजिक तथा आर्थिक अवस्थाअनुसार कार्यक्रम बनाउन सक्ने भएकाले दलित बस्ती, गरिब परिवार तथा सीमान्तकृत समुदायका लागि लक्षित योजना सञ्चालन गर्ने अवसरसमेत बढेको अर्का दलित अधिकारकर्मी गङ्गा सदाको भनाइ छ।

विगतमा सामान्य सरकारी सेवा लिन सदरमुकाम वा राजधानी पुग्नुपर्ने नागरिकका लागि स्थानीय सरकारको उपस्थितिले राज्यसँगको दूरी घटाएको छ। यद्यपि, सबै स्थानीय तहमा सेवा प्रवाहको गुणस्तर र प्रभावकारिता समान नभएकाले त्यसमा सुधारको आवश्यकता रहेको सदा बताउनुहुन्छ । संविधानले समानता र विभेदविरुद्धको अधिकार सुनिश्चित गरे पनि कानूनको प्रभावकारी कार्यान्वयन तथा सामाजिक चेतनाको विस्तार आवश्यक रहेको अधिकारकर्मीहरूको भनाइ छ।

सङ्घीयता कार्यान्वयनको एक दशकमा दलित, विपन्न तथा सीमान्तकृत समुदायका लागि राजनीतिक प्रतिनिधित्व, स्थानीय सरकारमा पहुँच र सामाजिक सेवाको विस्तार महत्वपूर्ण परिवर्तनका रूपमा देखिएका छन्। तर संविधानमा सुनिश्चित अधिकारलाई नागरिकको दैनिक जीवनमा अनुभूत हुने परिणाममा रूपान्तरण गर्न अझै चुनौती छन् । शिक्षा, स्वास्थ्य, भूमि, आवास, रोजगारी, सामाजिक सुरक्षा तथा निर्णय प्रक्रियामा समान अवसर सुनिश्चित गर्न सके मात्र सामाजिक न्यायको संवैधानिक लक्ष्य व्यवहारमा स्थापित हुनसक्ने अधिकारकर्मी महराको भनाइ छ । सङ्घीयताको आगामी यात्रा अधिकार र प्रतिनिधित्वमा मात्र सीमित नभई त्यसलाई आर्थिक अवसर, सामाजिक सम्मान र जीवनस्तर सुधारसँग जोडिनुपर्ने उहाँको सुझाव छ।

## संविधान कार्यान्वयनको

# एक दशक - गाउँलेले के पाए ?

–जनक श्रेष्ठ/रासस

लमजुङमा केही वर्षअघिसम्म सामान्य सरकारी कामका लागि पनि गाउँबाट सदरमुकाम पुग्नुपर्थ्यो । हिंडेर बजार झर्ने, सवारीसाधन चढेर सदरमुकाम पुग्ने र एउटा सामान्य काम सकेर फर्किनसमेत दुई–तीन दिन लाग्थ्यो । अहिले भने गाउँमै वडा र पालिका कार्यालय छन्, सामाजिक सुरक्षा भत्तादेखि विभिन्न सिफारिस र स्थानीय सेवासम्म घरआँगन नजिकै उपलब्ध हुन थालेका छन्। चार नगरपालिका र चार गाउँपालिका गरी आठ स्थानीय तह रहेको लमजुङमा संविधान कार्यान्वयनपछि सरकार र नागरिकबीचको दूरी घटेको छ । शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, विद्युत् तथा स्थानीय सेवा प्रवाहमा परिवर्तन देखिएका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार लमजुङको जनसङ्ख्या एक दशकमा घटेको देखिन्छ । विसं २०६८ मा एक लाख ६७ हजार ७२४ रहेको जिल्लाको जनसङ्ख्या २०७८ मा एक लाख ५४ हजार ३६० मा झरेको छ । जिल्लाको वार्षिक जनसङ्ख्या वृद्धिदरसमेत ऋणात्मक ०.८५ प्रतिशत रहेको छ।

नागरिकले 'गाउँमा सरकार आएको' अनुभूति गर्न थाले पनि सेवा प्रवाहको गुणस्तर, रोजगारी, स्थानीय स्रोतसाधनको परिचालन र संविधानले दिएको सबै अधिकारको कार्यान्वयनमा भने अझै चुनौती बाँकी रहेको अनुभव सुनाउँछन्। बेँसीसहर नगरपालिका–८ का स्थानीय रामकुमार श्रेष्ठका लागि सङ्घीयता कार्यान्वयनपछि आएको सबैभन्दा ठूलो परिवर्तन सरकार नागरिकको घरदैलोसम्म आइपुगेको अनुभूति हो । विगतमा सामान्य सरकारी सेवा लिनसमेत सदरमुकाम पुग्नुपर्ने बाध्यता रहेकामा अहिले वडा कार्यालयबाटै धेरै सेवा प्राप्त गर्न सकिने भएको उहाँ बताउनुहुन्छ । सङ्घीयता कार्यान्वयनपछि सिफारिस, सामाजिक सुरक्षा, स्थानीय पूर्वाधारलगायतका सेवा लिन सहज भएको उहाँको अनुभव छ। 'घरघरमा सिंहदरबार' भन्ने अवधारणाले गाउँमा सरकारको उपस्थिति बढाएको उहाँ बताउनुहुन्छ। तर सेवा नागरिकको नजिक पुगे पनि त्यसको गुणस्तर र नियमिततामा अझै प्रश्न उठ्ने गरेको उहाँको भनाइ छ।

श्रेष्ठको अपेक्षा स्थानीय सरकारले विकाससँगै सुशासनलाई पनि प्राथमिकतामा राखोस् भन्ने छ। सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता बढाउनुपर्ने तथा स्थानीय तहमा कुनै दल वा समूहको दबदबा हावी हुन नहुने उहाँ बताउनुहुन्छ। 'स्थानीय तहमा सुशासनको चेतना अझ बढ्नुपर्छ। विभिन्न राजनीतिक दल वा समूहको दबदबा हावी हुने अवस्था हुनुहुँदैन। जनताको आवश्यकता र अधिकारलाई केन्द्रमा राखेर स्थानीय सरकारले काम गर्नुपर्छ,' उहाँले भन्नुभयो।

स्वास्थ्य र सडकको गुणस्तर सुधारसँगै स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नुपर्ने उहाँको अर्को अपेक्षा छ । स्थानीय तहले संविधानले दिएको अधिकारअनुसार काम गर्दै नागरिकले विकास र सेवाको प्रत्यक्ष अनुभूति गर्ने अवस्था अझ बलियो बनाउनुपर्ने उहाँ बताउनुहुन्छ। दोर्दी गाउँपालिका–४ की ६३ वर्षीया धन्खु गुरुङका लागि संघीयतापछि गाउँमा आएको परिवर्तनको मुख्य आधार नै सेवा र सरकारसँगको दूरी घट्नु हो। सङ्घीयता कार्यान्वयनअघि शिक्षा, स्वास्थ्य, खानेपानी, सडक तथा सरकारी सेवा सहज रूपमा उपलब्ध नभएको उहाँको अनुभव छ। विगतमा विद्यालय टाढा हुँदा लामो दूरी हिँड्नुपर्ने, खानेपानीका लागि सामूहिक धारामा निर्भर हुनुपर्ने र सामान्य सरकारी कामका लागि समेत सदरमुकाम पुग्नुपर्ने अवस्था रहेको उहाँ बताउनुहुन्छ।

गाउँबाट हिँडेर उदिपुर पुग्ने, त्यहाँबाट सवारीसाधनमा सदरमुकाम जाने र फर्किँदा पुनः हिँड्नुपर्ने हुँदा सामान्य कामका लागि पनि एक–दुई दिन लाग्ने गरेको उहाँको अनुभव छ। 'पहिलाको तुलनामा अहिले धेरै परिवर्तन भएको छ । अधिकांश सेवा वडाबाटै र पालिकाबाटै लिन सकिने भएको छ। घरआँगन नजिकै गएर छोटो समयमै काम सकेर फर्किन सकिने अवस्था आएको छ,' उहाँले भन्नुभयो। सङ्घीयतापछि गाउँमै वडा तथा पालिका कार्यालय स्थापना भएपछि सामाजिक सुरक्षा भत्तालगायतका सेवा स्थानीय तहमै उपलब्ध हुन थालेका छन्।

विद्यालय, खानेपानी र विद्युत्लगायतका आधारभूत सेवामा समेत सुधार आएको उहाँको अनुभव छ । जग्गासम्बन्धी सेवासमेत स्थानीय तहमै उपलब्ध भए सदरमुकाम धाउनुपर्ने बाध्यता अझ घट्ने उहाँ बताउनुहुन्छ । गाउँमै रोजगारीका अवसर सिर्जना गर्नुपर्ने, युवाको बाहिरिने क्रम रोक्नुपर्ने तथा स्वास्थ्य सेवाको पहुँचसँगै गुणस्तर पनि सुधार गर्नुपर्ने उहाँको अपेक्षा छ। महिलाका हकहित र उनीहरूले भोग्दै आएका समस्याको सम्बोधनमा पनि स्थानीय सरकारले थप ध्यान दिनुपर्ने उहाँ बताउनुहुन्छ।

दूधपोखरी गाउँपालिकाका अध्यक्ष धनप्रसाद गुरुङका अनुसार स्थानीय तहले नागरिकको आवश्यकताअनुसार सेवा प्रवाह गर्दै आएको छ। शिक्षा क्षेत्रमा सुधार भएको तथा सबै वडाका विद्यालयमा कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई खाजाको व्यवस्था गरिएको उहाँ बताउनुहुन्छ। भौगोलिक कठिनाइका कारण कृषि क्षेत्रमा भने अपेक्षाअनुसार उपलब्धि हासिल गर्न नसकिएको उहाँको भनाइ छ। सडकतर्फ नयाँ बाटो खोल्नुभन्दा पहिले निर्माण भएका सडकको स्तरोन्नतिमा जोड दिइएको छ । वर्षायाममा कतिपय सडकमा आवागमन कठिन हुने गरेकाले पुराना सडकमा ग्राभेल तथा आवश्यक स्थानमा ढलान गर्ने कामलाई प्राथमिकता दिइएको उहाँ बताउनुहुन्छ।

दूधपोखरी गाउँपालिका–६ को गौडा क्षेत्रमा हालसम्म करिब २०० मिटर सडक कालोपत्र भएको उहाँले जानकारी दिनुभयो। चालु वर्ष उक्त क्षेत्रमा करिब दुई किलोमिटर सडक कालोपत्र गर्ने योजना रहेको र त्यसका लागि करिब रु तीन करोड बजेट छुट्याइएको उहाँ बताउनुहुन्छ। सबै क्षेत्रमा कालोपत्रको माग भए पनि पर्याप्त स्रोतसाधन र बजेट अभावका कारण एकैपटक सबै ठाउँमा काम गर्न नसकिएको उहाँको भनाइ छ । खानेपानी, पैदलमार्ग तथा अन्य सेवामा सङ्घीयतापछि सुधार आएको भए पनि नागरिकको अपेक्षाअनुसार अझै काम गर्न बाँकी रहेको उहाँ बताउनुहुन्छ । स्वास्थ्य, शिक्षा र सडकलाई पालिकाका प्रमुख उपलब्धिका रूपमा लिन सकिने उहाँको भनाइ छ। यद्यपि विकास निर्माणका क्रममा ठेक्का रद्द हुने, कतिपय योजना अधुरै रहने तथा बजेट खर्च हुन नसकेर फ्रिज हुने समस्याले विकास प्रभावित भएको उहाँ बताउनुहुन्छ।

नागरिकता सिफारिसलगायतका धेरै प्रशासनिक काम वडा तहबाटै हुने र आवश्यक कागजात जिल्ला प्रशासन कार्यालयमा पठाउने व्यवस्थाले सेवा प्रवाह सहज भएको अध्यक्ष गुरुङ बताउनुहुन्छ। विगतमा सामान्य सरकारी कामका लागि सदरमुकाम पुगेर एक दिन जाने, अर्को दिन काम गर्ने र फर्किनुपर्ने अवस्थाको तुलनामा अहिले धेरै सेवा स्थानीय तहमै उपलब्ध भएको उहाँको भनाइ छ।

स्थानीय सरकार गठनपछि नागरिकले गाउँमै विकासका आवश्यकता र बजेटका माग जनप्रतिनिधिसँग प्रत्यक्ष राख्न सक्ने अवस्था बनेको उहाँ बताउनुहुन्छ । तर सीमित स्थानीय स्रोतसाधन, पर्याप्त बजेटको अभाव र कतिपय अवस्थामा राजनीतिक अवरोधले काममा कठिनाइ हुने गरेको छ। स्थानीय तहको आन्तरिक आय पर्याप्त नभएकाले जग्गासम्बन्धीलगायतका थप सेवा स्थानीय तहमै सञ्चालन गर्न आर्थिक चुनौती रहेको उहाँको भनाइ छ।

मर्स्याङ्दी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलका अनुसार सङ्घीयता र कार्यान्वयनपछि स्वास्थ्यलगायतका सेवा नागरिकको नजिक पुगेका छन्। विगतको तुलनामा वडा र पालिका तहमा विभिन्न सेवा तथा सिफारिसका संरचना विस्तार भएका छन् भने कृषि व्यवसायमा समेत क्रमिक सुधार भइरहेको उहाँ बताउनुहुन्छ। 'पहिला खर्च र समय दुवै बढी लाग्ने अवस्था थियो । अहिले धेरै सेवा वडा र पालिकाबाटै लिन सकिने भएको छ। संघीयताले नागरिकलाई स्थानीय तहमै सेवा पु¥याउन महत्वपूर्ण योगदान गरेको छ,' उहाँले भन्नुभयो। संविधानले स्थानीय तहलाई दिएको अधिकारअनुसार जग्गा, राजस्व, पेन्सनलगायतका केही सेवा स्थानीय तहमै उपलब्ध हुनुपर्ने भए पनि सबै अधिकार कार्यान्वयन हुन नसकेको उहाँको भनाइ छ । कित्ताकाट, नामसारी तथा जग्गासम्बन्धी कामका लागि अझै सदरमुकाम जानुपर्ने अवस्था रहेकाले यस्ता सेवा पनि स्थानीय तहमै उपलब्ध हुने व्यवस्था आवश्यक रहेको उहाँ बताउनुहुन्छ।

संविधानले स्थानीय तहलाई अधिकार र जिम्मेवारी दिए पनि त्यसअनुसार आवश्यक जनशक्ति र स्रोतसाधन पर्याप्त नभएको उहाँको भनाइ छ । विसं २०७५ मा केन्द्रबाट कायम गरिएको दरबन्दीअनुसारकै कर्मचारी संरचना रहेकाले थपिएका जिम्मेवारीअनुसार जनशक्ति व्यवस्थापन हुन नसकेको उहाँ बताउनुहुन्छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकताअनुसार कर्मचारी संरचना पुनर्गठन गर्नुपर्ने उहाँको भनाइ छ । स्थानीय तहलाई जिम्मेवारी र कानुनी अधिकार थपिए पनि आर्थिक स्रोतमा सङ्घ र प्रदेशमाथिको निर्भरता कायमै रहेको उहाँ बताउनुहुन्छ।

स्थानीय तहको आर्थिक अधिकार थप सुदृढ गर्नुपर्ने उहाँको भनाइ छ । 'स्थानीय तहमा जिम्मेवारी धेरै थपिएको छ, तर त्यसअनुसार स्रोतसाधन र बजेट पर्याप्त छैन। अझै पनि ठूलो हिस्सा सङ्घ र प्रदेशमा निर्भर हुनुपर्ने अवस्था छ। स्थानीय तहको आर्थिक अधिकार पनि थप मजबुत बनाउन आवश्यक छ,' उहाँले भन्नुभयो। स्वास्थ्य सेवाको पहुँचमा सुधार आए पनि सेवाको गुणस्तर अझै सुधार गर्नुपर्ने अवस्था रहेको उहाँ बताउनुहुन्छ । स्थानीय तहमा स्वास्थ्य सेवा विस्तार भइरहेका छन् भने पालिकास्तरको अस्पताल सञ्चालनको तयारीसमेत भइरहेको उहाँले जानकारी दिनुभयो।

सङ्घीयता कार्यान्वयनपछि प्रशासनिक संरचना, बजेट र खर्च व्यवस्थापनमा केही चुनौती थपिए पनि नागरिकको नजिक सेवा पु¥याउने दृष्टिले यसको महत्वपूर्ण योगदान रहेको उहाँको भनाइ छ। स्थानीय तहमा पारदर्शिता कायम गर्दै बजेट खर्चलाई प्रभावकारी बनाउन तथा अनावश्यक खर्च नियन्त्रणमा ध्यान दिनुपर्ने उहाँ बताउनुहुन्छ।

लमजुङका स्थानीय तहमा संविधान कार्यान्वयनपछि शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, विद्युत् तथा स्थानीय सेवा प्रवाहका क्षेत्रमा भएका परिवर्तनले नागरिकको दैनिक जीवनमा देखिएको परिवर्तनलाई प्रतिबिम्बित गर्छन्। एक दशकअघि संविधान जारी हुँदा गाउँका नागरिकले घरदैलोमै सरकार, सहज सेवा र स्थानीय आवश्यकता सम्बोधन हुने अपेक्षा गरेका थिए। अहिले सरकारको संरचना गाउँसम्म पुगेको छ र धेरै सेवा नागरिकको नजिक आएको छ । अबको चुनौती सरकार गाउँमा आयो कि आएन भन्ने होइन, गाउँमा आएको सरकारले नागरिकको जीवन कति सहज बनायो भन्ने हो।

संविधान कार्यान्वयनको एक दशकको अनुभवमा स्थानीय सरकार नागरिकको नजिकको सरकारका रूपमा स्थापित भएको देखिन्छ। तर बाँकी अपेक्षा पूरा गर्न सेवा प्रवाहको गुणस्तर, जवाफदेहिता, सुशासन, रोजगारी सिर्जना, स्थानीय स्रोतको परिचालन र आवश्यकताअनुसारको विकासलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

संविधानले परिकल्पना गरेको स्थानीय सरकारको वास्तविक उपलब्धि अब नागरिकले पाउने सेवाको सहजता, गुणस्तर र त्यसबाट उनीहरूको जीवनमा आउने सुधारबाट मापन हुने चरणमा पुगेको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# ८ सय ६० विद्यार्थीलाई विद्यालय पोशाक वितरण

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको बलरा नगरपालिका–५ अरनाहास्थित श्री सरस्वती अमरेश बाबुनन्दन सिंह माध्यमिक विद्यालयका ८ सय ६० विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको छ । संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसर पारेर शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत विद्यार्थीलाई पोशाक वितरण गरेको हो।



विद्यालयमा अध्ययनरत विद्यार्थीका आधारभूत आवश्यकता पूरा गर्न सहयोग पु¥याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको कम्पनीले जनाएको छ । 'शिक्षामा सहयोग, विद्यार्थीको उज्ज्वल भविष्यको आधार' भन्ने नारासहित कार्यक्रम गरिएको हो । कार्यक्रम सर्लाही क्षेत्र नम्बर–४ का प्रतिनिधि सभा सदस्य अमरेश कुमार सिंहको पहलमा आयोजना गरिएको जनाइएको छ।

कार्यक्रममा सिंहले आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी शिक्षाबाट वञ्चित हुन नपर्ने वातावरण निर्माण गर्न सबै पक्षको सहकार्य आवश्यक रहेको बताए । उनले विद्यार्थीलाई पोशाक वितरण गर्नु सहयोगमा मात्र सीमित नभई उनीहरूलाई विद्यालयप्रति थप आकर्षित गर्ने र शिक्षामा समान अवसरको वातावरण निर्माण गर्ने प्रयास भएको बताए।

आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकालाई शिक्षाको मूलधारमा टिकाइराख्न यस्ता सहयोगले महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै सिंहले शिक्षा क्षेत्रमा गरिएको लगानी समाजको दीर्घकालीन विकासको आधार भएको बताए । विद्यालयको शैक्षिक गुणस्तर सुधारसँगै विद्यार्थीका आधारभूत आवश्यकतामा पनि ध्यान दिनुपर्नेमा जोड दिँदै उनले आगामी दिनमा शिक्षा क्षेत्रमा सहयोग र सहकार्यलाई निरन्तरता दिनुपर्ने बताए।

### एनपीएलको तेस्रो संस्करण:
## खेल तालिका सार्वजनिक, पहिलो खेलमा लुम्बिनी र सुदूरपश्चिम भिड्ने




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल प्रिमियर लिग (एनपीएल)को तेस्रो संस्करणको खेल तालिका सार्वजनिक भएको छ।
नेपाल क्रिकेट संघ (क्यान)ले सार्वजनिक गरेको तालिकाअनुसार प्रतियोगिताको उद्घाटन खेलमा साविक विजेता लुम्बिनी लायन्स र साविक उपविजेता सुदूरपश्चिम रोयल्सबीच प्रतिस्पर्धा हुनेछ। पहिलो खेल कात्तिक ९ गते हुनेछ।
एनपीएलको लिग चरणका खेलहरू कात्तिक २९ गतेसम्म सञ्चालन हुनेछन् । त्यसपछि मंसिर १ गते पहिलो क्वालिफायर, मंसिर २ गते इलिमिनेटर र मंसिर ३ गते दोस्रो क्वालिफायर खेल हुनेछ।
प्रतियोगिताको फाइनल खेल मंसिर ५ गते आयोजना हुनेछ।

## ट्रकको ठक्करबाट पैदलयात्रीको मृत्यु

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको नरहा गाउँपालिका–३ रोजी मेडिकलस्थित पूर्व–पश्चिम महेन्द्र राजमार्गमा ट्रकको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ भने एकजना साइकलयात्री घाइते भएका छन्।
जिल्ला प्रहरी कार्यलय सिरहाका अनुसार शनिवार बिहान गोलबजारबाट मिर्चैयातर्फ आउँदै गरेको ना.४ ख ८५०४ नम्बरको ट्रकले साइकलयात्री र पैदलयात्रीलाई ठक्कर दिएको थियो। ट्रकको ठक्करबाट नरहा गाउँपालिका–३ निवासी करिब ५० वर्षीय रामपृत मण्डलको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।
दुर्घटनामा सोही स्थानका करिब ४५ वर्षीय राजातुल अन्सारी घाइते भएका छन् । दुर्घटनापछि ट्रक चालक धनुषाको मिथिला नगरपालिका–९ का करिब २५ वर्षीय कमलेश महतोलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## छतवा स्थित विद्यालय प्राङ्गणमा वृक्षारोपण

**मधेशदृष्टि**
**कलैया।**
बारा जिल्लाको विश्रामपुर गाउँपालिका–१ छतवा उचिडिहस्थित श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयको प्राङ्गणमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । संविधान दिवस २०८३ को अवसरमा प्रकृति सेवा प्रतिष्ठान नेपालको आयोजनामा भएको कार्यक्रममा विभिन्न प्रजातिका ५१ वटा रुखबिरुवा रोप्नुका साथै वितरण गरिएको थियो। 'प्रकृतिको संरक्षण गरौँ, भविष्य सुरक्षित बनाऔँ' भन्ने नारासहित आयोजित कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी, समाजसेवी तथा स्थानीयको सहभागिता थियो । प्रतिष्ठानका सचिव अविनाश झाले वातावरण संरक्षण र जनचेतना अभिवृद्धिका लागि वृक्षारोपण तथा सरसफाइका कार्यक्रमलाई निरन्तरता दिइरहेको बताए।

## असोज ३ लाई 'कालो दिन'...

राज्यबाट भएको दमन र असोज ३ गते संविधान जारी गर्दाको परिस्थितिलाई मधेशले अझै बिर्सेको छैन। त्यसैले असोज ३ मधेशका लागि उत्सवको दिन नभई अधिकारका लागि बलिदान दिएका शहीद र आन्दोलनकारीलाई सम्झिने दिन हो,' उनले भने।
मण्डलले मधेश आन्दोलनका क्रममा उठाइएका माग तथा संविधानमा रहेका असमानतासम्बन्धी प्रश्नको सम्बोधन नगरी मुलुकमा स्थायी राजनीतिक सहमति र सामाजिक न्याय कायम हुन नसक्ने बताए । उनले विगतका आन्दोलनमा भएका दमनका घटनाको निष्पक्ष समीक्षा गर्न राज्यसँग माग गरे । शहीदहरूको बलिदान र आन्दोलनकारीको योगदानलाई सम्मान गर्दै मधेशी, थारुलगायत समुदायले उठाउँदै आएका अधिकार र प्रतिनिधित्वका सवाललाई राजनीतिक संवादमार्फत सम्बोधन गर्नुपर्ने उनको भनाइ थियो।
तमलोपाले असोज ३ लाई 'कालो दिन'का रूपमा स्मरण गर्दै मधेश आन्दोलनमा शहादत प्राप्त गरेका सम्पूर्ण शहीद तथा आन्दोलनकारीप्रति सम्मान व्यक्त गरेको जनाएको छ । साथै पार्टीले विगतमा भएका दमनका घटनाको विरोध गर्दै संविधानमा रहेका असमानतासम्बन्धी विषय सम्बोधन गर्नुपर्ने धारणा दोहो¥याएको छ।

## बसपार्क अलपत्र, चोकचोकमा...

केही समयपछि राजविराजतर्फ प्रस्थान गर्न लागेको बताउँदै उनले बसमा यात्रु नभएको बताए।
'१० मिनेटपछि मेरो गाडी यहाँबाट हिंड्ने हो, बसमा गएर हेर्नुस् त– एकजना पनि यात्रु छन् ? यहाँ कोही पनि बसमा चढ्न आउँदैनन्,' उनले भने।
उनका अनुसार बसपार्क व्यवस्थित नहुँदा बसहरू खाली नै बाहिरिने गरेका छन् । त्यसपछि विभिन्न चोकमा पुगेर यात्रु चढाउने गरिएको उनले बताए।

**१० करोडभन्दा बढीको योजना चार वर्षदेखि अधुरो**

जनकपुरधाम–२३ मा अत्याधुनिक सुविधासहितको नमूना बसपार्क निर्माण गर्ने उद्देश्यले २०७९ असारमा तत्कालीन शहरी विकासमन्त्री मेटमणि चौधरीले यसको शिलान्यास गरेका थिए।
संघ सरकारअन्तर्गतको संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरले आह्वान गरेको बोलपत्रमार्फत श्री नागार्जुन÷हेम÷सावित्री जेभी जनकपुरधाम–४ ले २०७९ असार ८ गते निर्माणको ठेक्का पाएको थियो । कुल १० करोड २८ लाख ६६ हजार ४३९ रुपैयाँ लागतमा निर्माण भइरहेको बसपार्क १५ महिनाभित्र, अर्थात् २०८० असार ५ गतेसम्म सम्पन्न गर्ने सम्झौता थियो।
तर सम्झौता भएको समयसीमा सकिएको लामो समय बितिसक्दा पनि निर्माण कार्य पूरा भएको छैन । चार वर्ष पुग्दासमेत बसपार्क सञ्चालनमा आउन नसक्दा स्थानीय र यातायात व्यवसायी निराश छन्।
योजनाअनुसार बसपार्क दुई चरणमा निर्माण गर्ने कार्यक्रम थियो।
पहिलो चरणमा सार्वजनिक शौचालय, टिकट काउन्टर तथा चमेनागृह, तीन वटा वेटिङ सेट र १२५ वटा बसका लागि स्थायी पार्किङ यार्ड निर्माण गर्ने योजना थियो।
यस्तै २५ वटा कार र ५० वटा मोटरसाइकलका लागि अस्थायी पार्किङ, १ दशमलव ५० मिटर चौडाइ र २ हजार २ सय मिटर लामो फुटपाथ, डाइरिङ सिस्टमका लागि दुई फिट व्यासका ८ सय ६० मिटर ह्युम पाइप राख्ने योजना पनि सम्झौतामा समेटिएको छ।
८ हजार ८१६ दशमलव ०५ वर्गमिटरको आरसीसी पार्किङ यार्ड, आगमन–प्रस्थानका लागि ८ हजार ७४९ दशमलव १६ वर्गमिटरको सडक निर्माण तथा बसपार्क परिसरमा १६० वटा वृक्षरोपण गर्ने योजना पनि रहेको छ।
संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरधामका प्रमुख विनोद सिंहका अनुसार सम्झौतामा उल्लेख गरिएका केही काम सम्पन्न भइसकेका छन् । तर बसपार्कभित्रको सडक निर्माण पूरा नभएकाले समग्र संरचना अस्तव्यस्त देखिएको हो।
सरकारले निर्माणको अन्तिम म्याद थप गरिसकेको बताउँदै सिंहले थपिएको समयभित्र काम सम्पन्न नभए ठेक्का तोडेर कारबाही अघि बढाउने बताए।
'सरकारले नै अन्तिम पटक म्याद थपेको छ । अब पुसभित्र ठेकेदारले काम सम्पन्न गर्नुपर्छ । यदि काम सम्पन्न गरेन भने ठेक्का तोडेर कारबाहीको प्रक्रिया अगाडि बढाउँछौँ,' उनले भने।
बिटुमिनलगायत निर्माण सामग्रीको मूल्य बढेका कारण पनि निर्माणमा केही समस्या आएको सिंहले बताए।

**दोस्रो चरणमा बहुउद्देश्यीय भवन बनाउने योजना**

बसपार्कको दोस्रो चरणमा पसल, रेस्टुरेन्ट, कार्यालय तथा आगन्तुक आवाससहितको बहुउद्देश्यीय चारतले भवन निर्माण गर्ने योजना छ । यसबाहेक ग्यारेजसमेत निर्माण गर्ने प्रस्ताव छ।
धार्मिक पर्यटकको प्रमुख गन्तव्यका रूपमा जनकपुरधामको गतिविधि बढिरहेका बेला आधुनिक बसपार्क निर्माणको योजना अघि बढेपछि स्थानीयमा उत्साह थियो । तर निर्माणमा भइरहेको ढिलाइ, पूर्वाधारको बिग्रँदो अवस्था र सञ्चालनबारे देखिएको अन्योलले अहिले जनकपुरवासी निराश बन्न थालेका छन्।

# 'सेलिब्रेटी' हात्ती रोनाल्डोको करेन्ट लागेर मृत्यु

**मधेशदृष्टि**
**चितवन।**
सौराहा र खोरसोर आसपासका जंगलमा देखिँदा पर्यटकका क्यामेरा र मोबाइलको लेन्समा कैद हुने जंगली भाले हात्ती 'रोनाल्डो' अब देखिने छैन। पर्यटकमाझ 'सेलिब्रेटी' बनेको करिब ४५ वर्षीय रोनाल्डो शनिबार बिहान चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत बरण्डाभार जंगलको २० हजारी ताल क्षेत्रमा मृत अवस्थामा भेटिएको छ । चितवन राष्ट्रिय निकुञ्जका अनुसार रोनाल्डोको मृत्यु करेन्ट लागेर भएको हो। टिकौली मध्यवर्ती सामुदायिक वन कार्यालयको भवनबाट करिब ६ सय मिटर पर २० हजारी तालतर्फ जाने नहरको बाटोमा हात्ती मृत फेला परेको थियो।
निकुञ्जका सूचना अधिकारी तथा संरक्षण अधिकृत अविनाश थापा मगरका अनुसार बरण्डाभार सुरक्षा पोस्टका लागि विद्युत् आपूर्ति गर्न १६ फिट अग्लो पोलबाट तानिएको तार रोनाल्डोले मुखले तानेर टोकेपछि करेन्ट लागेको देखिएको छ । घटनास्थलको प्रारम्भिक अवस्थाले समेत विद्युत्को तार नै उसको मृत्युको कारण बनेको पुष्टि हुने निकुञ्जको भनाइ छ। विडम्बना के भने, जसले खोरसोरको हात्ती प्रजनन केन्द्रमा वर्षौंसम्म वंश विस्तारमा महत्वपूर्ण भूमिका खेल्यो, उसकै जीवन पनि करेन्टकै कारण अन्त्य भयो।

**रोमियोपछि सुरु भएको थियो रोनाल्डोको 'राज'**

सौराहा क्षेत्रमा रोनाल्डोको चर्चा नयाँ होइन। सन् २००२ को विश्वकपका बेला सौराहा आसपास देखा परेको फुर्तिलो युवा भाले हात्तीलाई त्यतिबेला चर्चित ब्राजिलियन फुटबल स्टार रोनाल्डोको नामबाट स्थानीय र नेचर गाइडहरूले 'रोनाल्डो' नाम दिएका थिए । सुरुमा खोरसोरसम्म पुग्न कठिन मानिएको यो हात्ती पछि सौराहाका हात्तीसारमा रहेका पोथी हात्तीतर्फ आकर्षित हुन थालेको थियो । पोथी हात्ती नजिक पुग्न उसले विद्युतीय तारबारसमेत तोड्ने गरेको घटना अहिले पनि स्थानीयहरू सम्झन्छन्।
२०७१ साल असार १४ गते राति राष्ट्रिय प्रकृति संरक्षण कोषको हात्तीसारमा रहेको 'प्रकृतिकली' नामकी पोथी हात्तीसँग पुग्न रोनाल्डोले आधुनिक विद्युतीय तारबार नै भत्काएको थियो । तत्कालीन सौराहा सेक्टर प्रमुख सहायक संरक्षण अधिकृत रमेश थापाका अनुसार रोनाल्डोलाई रोक्न विभिन्न उपाय अपनाइए पनि उसले अवरोध पन्छाउँदै हात्तीसारभित्र प्रवेश गरेको थियो।

**रोमियोको अन्त्य पनि करेन्टबाटै भएको थियो**

रोनाल्डोको मृत्युले खोरसोरमा कुनै समय दबदबा कायम गरेको अर्को जंगली भाले हात्ती 'रोमियो'को अन्त्यलाई पनि सम्झाएको छ । खोरसोर हात्ती प्रजनन केन्द्रमा रोमियोको लामो समय प्रभाव थियो । अरू भाले हात्तीलाई समेत आफ्नो क्षेत्र नजिक आउन नदिने रोमियोको २०६४ असोज २८ गते करेन्ट लागेर मृत्यु भएको चितवन निकुञ्जका तत्कालीन पशु चिकित्सक डा. कमल गैरेले स्मरण गरेका छन्।
रोमियोपछि खोरसोरमा रोनाल्डो बलियो भालेका रूपमा स्थापित भयो । धुर्बे, गोविन्देलगायतका जंगली भाले हात्ती पनि खोरसोर क्षेत्रमा आउने गरे पनि रोनाल्डोसँगको प्रतिस्पर्धामा उनीहरू टिक्न नसक्ने अवस्था रहेको बताइन्छ।

**६९ छावामध्ये ३८ को पिता रोनाल्डो**

खोरसोर हात्ती प्रजनन केन्द्रका लागि रोनाल्डो केवल चर्चित जंगली हात्ती मात्र थिएन । सरकारी हात्ती प्रजनन कार्यक्रमका लागि उसको योगदान महत्वपूर्ण थियो । नेपालको एकमात्र सरकारी हात्ती प्रजनन केन्द्रका रूपमा रहेको खोरसोरमा जन्मिएका हात्तीका छावा हुर्किएपछि तालिम दिएर निकुञ्ज सुरक्षा, अध्ययन तथा अनुसन्धानलगायत सरकारी काममा प्रयोग गरिन्छन्।
निकुञ्जका अनुसार केन्द्रमा जन्मिएका ६९ छावामध्ये ३८ वटा छावाको पिता रोनाल्डो हो। घरपालुवा भाले हात्तीबाट प्रजनन गराउने प्रयास सफल हुन नसकेको अवस्थामा रोमियोपछि रोनाल्डो केन्द्रका लागि महत्वपूर्ण जंगली भाले बनेको थियो।
रोनाल्डोसँग प्रतिस्पर्धा गर्न दाह्रा नभएको जंगली भाले हात्ती 'मकुना' पनि एकपटक खोरसोर पुगेको थियो । तर मकुनाको कथा पनि सुखद रहेन । गाउँमा आएर समस्या निम्त्याउन सक्ने भन्दै निकुञ्जले जंगलतर्फ धपाएको मकुना आक्रामक बनेपछि आत्मरक्षाका लागि नेपाली सेनाले गोली चलाउँदा २०८१ माघमा मृत्यु भएको निकुञ्जले जनाएको थियो।

**पर्यटकका लागि 'डर' होइन, फोटोको पात्र थियो रोनाल्डो**

जंगली भाले हात्तीको नाम लिँदा धुर्बेजस्ता अत्यन्त आक्रामक हात्तीको चर्चा हुने गर्छ। धुर्बेलाई २५ भन्दा बढी स्थानीयको ज्यान लिएको हात्तीका रूपमा चिनिन्छ।

## हिन्दु राष्ट्र कायम गर्नुपर्ने मागसहित अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा सनातन हिन्दू मोर्चा पर्साले नेपाललाई सनातन हिन्दू राष्ट्र कायम गर्नुपर्ने मागसहित अन्तक्रिया कार्यक्रम गरेको छ । श्री गहवामाई अतिथि सदनमा आयोजित कार्यक्रममा मोर्चाका पर्सा अध्यक्ष हनुमान दासको अध्यक्षतामा विभिन्न हिन्दूवादी अगुवा तथा धार्मिक–सामाजिक क्षेत्रका प्रतिनिधिको सहभागिता थियो।
कार्यक्रममा वक्ताहरूले धर्मनिरपेक्षता खारेज गरी नेपाललाई पुनः सनातन हिन्दू राष्ट्र कायम गर्नुपर्ने धारणा राखेका थिए।
उनीहरूले २०७२ साल असोज ३ गते संविधान जारी भएको दिनलाई आफूहरूले 'कालो दिवस'का रूपमा मनाउँदै आएको बताएका थिए । वक्ताहरूले सनातन हिन्दू राष्ट्र स्थापनाका लागि विभिन्न समूह तथा संस्थासँग सहकार्य गर्दै अभियानलाई निरन्तरता दिने बताएका छन्।
यसैगरी वीरगंजमा हिन्दू सम्राट सेना नेपालको महानगर कमिटी गठन गरिएको छ । शनिबार वीरगंज बसपार्कस्थित सोल्टी गार्डेन पार्टी प्यालेसमा आयोजित कार्यक्रममा पर्सा जिल्ला अध्यक्ष विकास साहको प्रमुख उपस्थितिमा वीरगंज महानगर कमिटी गठन गरिएको हो । कार्यक्रममा संगठनका स्थानीय पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो।

## ब्राउन सुगरसहित कुर्मी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको वीरगंज महानगरपालिका–३१ का २० वर्षीय दिपु राउत कुर्मी बारामा प्रतिबन्धित लागूऔषध ब्राउन सुगरसहित पक्राउ परेका छन्।
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–७ स्थित गढीमाई मन्दिर नजिकै प्रहरीले उनलाई पक्राउ गरेको हो।
इलाका प्रहरी कार्यालय जीतपुरबाट खटिएको प्रहरी टोलीले गस्ती तथा जाँचका क्रममा शंकास्पद अवस्थामा रहेका कुर्मीलाई रोकेर तलासी लिँदा उनको साथबाट कालो प्लास्टिकमा प्याक गरिएको करिब एक ग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ।

## प्याब्सन वाणी प्रतिभामा...

भए। यस्तै मुनलाइट माध्यमिक विद्यालयकी चौधरी चौथो तथा डीएभी आरबी केडिया माध्यमिक विद्यालयकी सान्वी गुप्ता पाँचौं स्थानमा रहिन्।
प्रतियोगितामा पर्साका २८ विद्यालयका विद्यार्थीहरूले सहभागिता जनाएका थिए । विभिन्न विद्यालयबाट सहभागी विद्यार्थीहरूले संविधान, राष्ट्र तथा समसामयिक विषयमा आफ्ना विचार प्रस्तुत गरेका थिए।
उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो। डीएभी स्कूलका प्रिन्सिपल राकेश मिश्राको संयोजनमा सम्पन्न कार्यक्रमको अध्यक्षता प्याब्सन पर्साका अध्यक्ष सरोजप्रसाद चौधरीले गरेका थिए। कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद चापागाईं प्रमुख अतिथिका रूपमा सहभागी थिए।
कार्यक्रममा प्याब्सन मधेस प्रदेशका उपाध्यक्षद्वय पुरन प्रधान र इमामुद्दिन अहमद, प्याब्सन पर्साका वरिष्ठ सल्लाहकार प्रकाश उपाध्याय, सल्लाहकार हरिश्याम ठाकुर, वरिष्ठ उपाध्यक्ष सुशीला साह, उपाध्यक्ष वीरेन्द्र यादव तथा प्याब्सन वीरगंजका सचिव अमित आलोक लगायतको उपस्थिति थियो।
प्याब्सन पर्साका जिल्ला सचिव अशोक सङ्ग्रौलाका अनुसार प्रतियोगिताले विद्यार्थीमा सार्वजनिक रूपमा आफ्ना विचार राख्ने क्षमता, आत्मविश्वास, अभिव्यक्ति कौशल तथा संवैधानिक विषयप्रतिको ज्ञान अभिवृद्धि गर्न सहयोग पु¥याएको छ । प्रतियोगिताले विद्यार्थीलाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने प्रभावकारी मञ्चसमेत प्रदान गरेको उनले बताए।

**बाढीपीडितका लागि सहयोग गर्ने विद्यालय सम्मानित**

कार्यक्रमकै अवसरमा रसुवा बाढीबाट प्रभावित परिवारको राहत तथा उद्धारका लागि सहयोग गर्ने ५३ वटा विद्यालयलाई सम्मान गरिएको छ । केन्द्रीय प्याब्सनको आह्वानमा प्याब्सन पर्साको समन्वयमा आबद्ध विद्यालयहरूले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै ती विद्यालयका सञ्चालक, अभिभावक तथा विद्यार्थीलाई सम्मान गरिएको हो।
वक्तृत्वकलामार्फत विद्यार्थीको प्रतिभा प्रस्फुटनसँगै विपद्मा मानवीय सहयोगको भावना प्रदर्शन गर्ने विद्यालय तथा विद्यार्थीलाई सम्मान गर्दै कार्यक्रमले शिक्षा र सामाजिक उत्तरदायित्वलाई एकैसाथ जोडेको आयोजकले जनाएको छ।

## वीरगंजमा बहुला कुकुरको आतंक

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा बहुला कुकुरको आतंक बढेको छ । प्रतिमा चोकको यातायात कार्यालयदेखि पावर हाउस चोकसम्मको सडकखण्डमा ६–७ जनालाई बहुला कुकुरले टोकेको बताइएको छ। स्थानीयका अनुसार शनिवार उक्त कुकुर प्रतिमा चोक देखि राधेमाई टोल तर्फ गएको स्थानीयले बताएका छन्।
यसअघि हिजो वीरगंज पानीटंकी क्षेत्रमा समेत केही व्यक्तिलाई कुकुरले टोकेको खबर छ। कुकुर एउटै वा फरक हो भन्ने बारे यकिन भएको छैन। बहुला कुकुर खुला रूपमा हिंडिरहेको र अन्य व्यक्तिलाई समेत टोक्न सक्ने भएकाले स्थानीयवासीलाई सचेत रहन तथा कुकुर देखेमा सुरक्षित दूरी कायम गर्न आग्रह गरिएको छ। साथै, सम्बन्धित निकायलाई तत्काल कुकुरको खोजी गरी नियन्त्रणमा लिन स्थानीयवासीले आग्रह गरेका छन्।

## तीनवटा वडालाई मध्यवर्ती क्षेत्रबाट हटाउन माग

**मधेशदृष्टि**
**हेटौंडा।**
हेटौंडा उपमहानगरपालिकाका वडा नम्बर १२, १३ र १४ लाई पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रबाट हटाउन स्थानीयवासीले माग गरेका छन्।
मध्यवर्ती क्षेत्रविरुद्ध संयुक्त संघर्ष समितिले शनिबार पदमपोखरी चोकमा पत्रकार सम्मेलन गरी तीनवटै वडालाई मध्यवर्ती क्षेत्रबाट हटाउन माग गरेको हो । संघर्ष समितिका अध्यक्ष सोबिन थिङले मध्यवर्ती क्षेत्रमा परेपछि मानव–वन्यजन्तु द्वन्द्व बढ्नुका साथै घर निर्माण, पशुपालन, घाँस–दाउरा तथा चरिचरनमा समस्या भएको बताए।
समितिले विकास निर्माण, जग्गा नापजाँच तथा खरिद–बिक्री र औद्योगिक क्षेत्र सञ्चालनमा समेत असर परेको दाबी गरेको छ।
माग सम्बोधन नभए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने संघर्ष समितिले चेतावनी दिएको छ।

## नेकाको वडाअधिवेशन पर्सामा आज हुने

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत देशैभर (शनिबार) देखि वडा अधिवेशन सुरु गर्ने कार्यसुची रहेपनि पर्सा जिल्लामा भने वडा अधिवेशन आज (आइतबार) हुने भएको छ।
केन्द्रीय कार्यतालिकाअनुसार असोज ३ र ४ गते वडा अधिवेशन गर्ने भनिए पनि आन्तरिक तयारी तथा क्रियाशील सदस्यताको विवरण सार्वजनिक हुन नसक्दा पर्सामा शनिबार वडा अधिवेशन सुरु हुन सकेन । पर्साका ९६ वटै वडामा (आइतबार) एकैपटक वडा अधिवेशन गर्ने तयारी गरिएको कांग्रेसले जनाएको छ।
पर्सामा खटिएका कांग्रेस केन्द्रीय प्रतिनिधि भरत राउतका अनुसार आज(शनिबार )जिल्लाका शीर्ष नेतृत्वसँग छलफल गरी वडा अधिवेशन (आइतबार) गर्ने गरी तयारी गरिएको छ । उनका अनुसार पर्साका क्षेत्र नम्बर १, ३ र ४ को क्रियाशील सदस्यताको नामावली प्राप्त भइसकेको छ।
तर क्षेत्र नम्बर २ को क्रियाशील सदस्यताको नामावली अझै सार्वजनिक नभएका कारणले पनि शनिबार वडा अधिवेशन सुरु गर्न समस्या भएको हो।

## मुख्य सडक प्रविभात घरधनीहरुको विरोधसभा

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक विस्तारबाट प्रभावित घरधनी तथा व्यापारीहरूले विरोध सभा गरेका छन् । वीरगंज उद्योग वाणिज्य संघको भवनमा शनिबार आयोजित विरोध सभामा सहभागीहरूले सडक विस्तारका क्रममा आफूहरू प्रभावित भएको भन्दै निर्णय र कार्यान्वयन प्रक्रियाप्रति असन्तुष्टि जनाएका हुन् । वीरगंज युवा तथा व्यापारी सडक पीडित संघर्ष समितिका अध्यक्ष कुन्दन रौनियारका अनुसार सडक विस्तारका क्रममा करिब एक हजार भवन तथा अन्य संरचना हटाइएको छ । प्रभावितहरूले सडकको सीमा, क्षतिपूर्ति र व्यवस्थापन लगायतका विषयमा न्यायोचित समाधान खोज्न माग गरेका छन्।
निजी क्षेत्रले मुख्य बजार क्षेत्रमा सडकको सीमा १५–१५ मिटर कायम गर्नुपर्ने माग गर्दै आएको छ । यसअघि सर्वोच्च अदालतबाट त्रिभुवन राजपथअन्तर्गत सडकको केन्द्रबाट दायाँ–बायाँ २५–२५ मिटर सीमा कार्यान्वयन गर्ने कानुनी बाटो खुलेपछि वीरगंजमा सडक विस्तारको काम अघि बढाइएको हो।

# 'मधेश राज्य'का लागि फेरि आन्दोलनमा उत्रिन तयार रहनुस्: उपेन्द्र यादव

**मधेशदृष्टि**
**वीरगंज।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेसी जनतालाई 'मधेस राज्य' निर्माणका लागि पुनः आन्दोलन गर्न तयार रहन आह्वान गरेका छन्। वीरगंजमा शनिबार आयोजित ९ दलीय अग्रगामी मोर्चाको मधेश प्रदेशस्तरीय कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा सम्बोधन गर्दै यादवले अहिलेको मधेश प्रदेशले आफूहरूले खोजेको स्वशासन र प्रशासनिक अधिकार सुनिश्चित गर्न नसकेको दाबी गरे।

यादवका अनुसार आठ जिल्लामा सीमित वर्तमान मधेस प्रदेशमा शासन र प्रशासनमा मधेशबाहिरका व्यक्तिको प्रभाव रहेको छ। उनले प्रदेशको प्रहरी, न्यायालय तथा प्रशासनिक संयन्त्रमा मधेसमै जन्मिएका मधेसी समुदायको निर्णायक सहभागिता हुनुपर्ने धारणा राखे।

उनले संघीयताको वास्तविक मर्म प्रदेशमा आफ्नै शासन र प्रशासन तथा केन्द्रमा समान हिस्सेदारी सुनिश्चित हुनु रहेको तर्क गरे। यही अधिकार प्राप्तिका लागि अब मधेसी जनता फेरि संघर्षको बाटोमा उत्रिनुपर्ने उनको भनाइ थियो।




'अधिकार कसैले किस्तामा सजाएर दिँदैन, अधिकार लडेरै लिनुपर्छ,' यादवले कार्यकर्तालाई सम्बोधन गर्दै भने। यादवले मुलुकको वर्तमान राजनीतिक संकटका लागि नेपाली कांग्रेस र कम्युनिष्ट दलहरू जिम्मेवार रहेको आरोपसमेत लगाए। विगतमा यी शक्तिहरूले सत्ता सहकार्य गर्दै मधेशी समुदायको माग र संघीयतालाई पर्याप्त रूपमा सम्बोधन नगरेको उनको दाबी थियो।

मधेश आन्दोलनकै दबाबका कारण कांग्रेस र कम्युनिष्ट शक्तिहरू संघीय गणतन्त्र स्वीकार गर्न बाध्य भएको दाबी गर्दै यादवले अहिले पनि केही राजनीतिक शक्तिबाट संघीयता र गणतन्त्रविरुद्धका गतिविधि भइरहेको आरोप लगाए। उनले नेपालमा आफूलाई कम्युनिष्ट भन्ने दलहरू सिद्धान्तबाट विचलित भएको टिप्पणी पनि गरे।

यादवले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र त्यसका नेताहरूमाथि पनि संघीयताका विषयमा दोहोरो धारणा राखेको आरोप लगाए। उनका अनुसार रास्वपाका नेताहरूले मधेशमा संघीयता सुदृढ गर्नुपर्ने धारणा राख्ने तर अन्य क्षेत्रमा प्रदेश संरचना खारेज गर्नुपर्ने अभिव्यक्ति दिने गरेको उनको दाबी थियो।

# 'रास्वपाभित्रैको असहयोगले सरकार कमजोर': प्रभु साह



कार्यक्रममा आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार संसद्को संख्यात्मक बलका हिसाबले शक्तिशाली भएपनि व्यवहारमा कमजोर देखिएको टिप्पणी गरे। उनले सरकारलाई विपक्षीभन्दा पनि रास्वपाभित्रैबाट असहयोग भइरहेको दाबी गरे। यस्तै धारणा शनिबार वीरगंजमा आयोजित सोही कार्यक्रमबारे प्रकाशित अन्य समाचारमा पनि उल्लेख छ। साहले सुनसरीको देवानगञ्जमा भएको धार्मिक तनावदेखि रसुवाको भोटेकोशी बाढीपछिको विपत्तिसम्मका घटनामा रास्वपा नेतृत्वले प्रधानमन्त्रीलाई 'बाइपास' गर्दै गतिविधि गरेको आरोप लगाए। विदेश सम्बन्ध तथा कूटनीतिक अभ्यासमा समेत प्रधानमन्त्री शाह र रास्वपा सभापति रवि लामिछानेबीच फरक दिशामा गतिविधि भइरहेको उनको दाबी थियो। लामिछानेले समानान्तर रूपमा सरकार सञ्चालन गर्न खोज्दा कार्यसम्पादनमा असर परेको भन्ने गुनासो आउन थालेको साहले बताए। उनले प्रधानमन्त्री शाहलाई जनताको भरोसामा रहेर संविधान र विधिको आधारमा सरकार सञ्चालन गर्न सुझावसमेत दिए। कार्यक्रममा जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, प्रगतिशील लोकतान्त्रिक मोर्चाका नेता जनार्दन शर्मा लगायतले पनि सम्बोधन गरेका थिए। ९ दलीय अग्रगामी मोर्चाले मधेशमा संगठन विस्तार, कार्यकर्ता परिचालन तथा आफ्ना राजनीतिक एजेन्डालाई स्थानीय तहसम्म पु¥याउने उद्देश्यसहित प्रदेशस्तरीय कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ।

# पाँच वर्षपछि जालिम मियाँका छोरा नासिर पक्राउ, साली हत्या प्रकरणमा अनुसन्धान अघि बढ्यो



तस्विरमा दायाँतर्फ नेकपा एमालेका नेता एवं जगरनाथपुर गाउँपालिकाका पूर्वअध्यक्ष जालिम मियाँ र उनको दायाँ तर्फ पक्राउ परेका जेठा छोरा नासिर।

**मधेशदृष्टि**
**वीरगंज।**

नेकपा एमालेका नेता एवं पर्साको जगरनाथपुर गाउँपालिकाका पूर्वअध्यक्ष जालिम मियाँका जेठा छोरा नासिर अहमदलाई प्रहरीले हत्या तथा सार्वजनिक न्यायविरुद्धको कसुरमा पक्राउ गरेको छ। पाँच वर्षअघि भएको एक युवतीको मृत्यु प्रकरणमा अनुसन्धानका क्रममा प्रहरीले नासिरलाई पक्राउ गरेको हो।

जगरनाथपुर गाउँपालिका–५ घर भई हाल वीरगंज महानगरपालिका–१३ मुर्लीमा बस्दै आएका ४६ वर्षीय नासिरलाई जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले शुक्रबार साँझ मुर्लीबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए।

प्रहरीका अनुसार नासिरमाथि आफ्नै भाइ जाफिर अहमदकी सालीको हत्या गरेको आरोप छ। जाफिरको जगरनाथपुर–४ घर भएकी अविवाहित सालीको मृत्यु भएपछि शव प्रहरीलाई जानकारी नदिई वीरगंज–१३ मुर्लीस्थित कब्रस्तानमा गाड्ने प्रयास गरिएको घटनामा नासिरसहित अन्य व्यक्तिको संलग्नता रहेको आरोप थियो।

घटना २०७८ साल असोज २१ गते को हो। युवतीको मृत्यु भएपछि उनको शव गाउँबाट वीरगंजको मुर्ली ल्याएर गोप्य रूपमा दफन गर्न खोजिएको अवस्थामा प्रहरीले हस्तक्षेप गरेको थियो। शव गाड्ने क्रममा नासिर, जाफिरलगायतका व्यक्तिहरू संलग्न रहेको आरोप त्यसबेलै लागेको थियो।

प्रहरीका अनुसार ती युवतीमाथि जबर्जस्ती करणी भएको र त्यसपछि अत्यधिक रक्तश्रावका कारण सिकिस्त भएकी थिइन्। गाउँकै एक क्लिनिकमा उपचारका क्रममा उनको मृत्यु भएको बताइएको छ। मृत्यु भएपछि घटनाबारे प्रहरीलाई तत्काल जानकारी नदिई शव गुपचुप रूपमा मुर्ली ल्याएर कब्रस्तानमा गाड्न खोजिएको प्रहरीको भनाइ छ।

घटनापछि प्रहरीले अनुसन्धान अघि बढाए पनि मुख्य आरोपितमध्येका नासिरलाई भने करिब पाँच वर्षपछि पक्राउ गरिएको हो।

लामो समयसम्म घटनाको अनुसन्धान प्रभावकारी रूपमा अघि नबढेको र त्यसबेला जालिम मियाँको राजनीतिक पहुँचका कारण प्रहरी अनुसन्धान प्रभावित भएको आरोपसमेत लाग्दै आएको थियो। यद्यपि, उक्त आरोपको स्वतन्त्र पुष्टि भएको छैन।

पाँच वर्षपछि नासिर पक्राउ परेसँगै उक्त पुरानो मृत्यु प्रकरण पुनः अनुसन्धानको केन्द्रमा आएको छ। प्रहरीले घटनामा संलग्न अन्य आरोपितहरूको समेत खोजी भइरहेको जनाएको छ। उनीहरू हालसम्म फरार रहेको प्रहरीको भनाइ छ। प्रहरीले नासिरमाथि लागेको आरोपबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

तस्विरमा दायाँतर्फ नेकपा एमालेका नेता एवं जगरनाथपुर गाउँपालिकाका पूर्वअध्यक्ष जालिम मियाँ र उनको दायाँ तर्फ पक्राउ परेका जेठा छोरा नासिर।

# रेल्वे पार्क निर्माणको काम पुनः अघि बढाइने तयारी



**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंज महानगरपालिकाले वीपी उद्यानभित्र रहेको पुरानो रेल्वे क्षेत्रको सरसफाई गर्दै रोकिएको रेल्वे पार्क निर्माणको कामलाई पुनः अघि बढाउने तयारी गरेको छ। महानगर प्रमुख राजेशमान सिंहको निर्देशनमा शनिबार, वीपी उद्यानभित्रको रेल्वे क्षेत्रमा सरसफाइ गरिएको हो।

करिब तीन महिनादेखि झाडी र फोहोरले अस्तव्यस्त बनेको उक्त क्षेत्रमा झाडी हटाउने तथा सरसफाइ गर्ने काम गरिएको महानगरले जनाएको छ।

वीपी उद्यानलाई वीरगंजको प्रमुख हरित तथा सार्वजनिक मनोरञ्जन क्षेत्रका रूपमा विकास गर्ने महानगरको योजनाअन्तर्गत रेल्वे क्षेत्रलाई ऐतिहासिक महत्व र वीरगंजको पहिचानसँग जोडेर रेल्वे पार्कका रूपमा विकास गर्ने योजना अघि सारिएको हो। उक्त योजनाअन्तर्गत यसअघि काम सुरु गरिएको थियो। तर महानगर प्रमुख सिंह निलम्बनमा परेपछि काम रोकिएको थियो।

यसैबीच वीरगंजको मुख्य सडक विस्तारका क्रममा विद्युतका पोलमा रहेका तारहरू टुटेर सडक तथा फुटपाथमा लत्रिँदा बढेको आवागमनको समस्या समाधान गर्न तार व्यवस्थापनको काम सुरु गरिएको छ। सडक विस्तारका क्रममा विभिन्न स्थानमा विद्युतका तार अव्यवस्थित भएपछि पैदल यात्रु तथा स्थानीयवासीलाई जोखिम मोलेर हिँड्नुपर्ने अवस्था सिर्जना भएको थियो।

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहको निर्देशनअनुसार शनिबार बिहानदेखि घण्टाघर चोकबाट सडक तथा फुटपाथमा लत्रिएका विद्युतका तार हटाउने काम सुरु गरिएको इन्जिनियर उपाध्यायले जानकारी दिएका छन्।

# जसपाले मनायो असोज ३ लाई विरोध दिवस, संविधान संशोधनको माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनता समाजवादी पार्टी (जसपा) नेपाल धनुषाले असोज ३ लाई विरोध दिवसका रूपमा मनाएको छ। संविधान जारी भएको दिनको अवसर पारेर शनिबार जनकपुरधाममा 'वर्तमान संविधानका मूलभूत विषयवस्तु तथा संविधान संशोधनको अपरिहार्यता' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्दै जसपा नेपाल धनुषाले विरोध दिवस मनाएको हो।

जसपा नेपालले संविधानमा केही महत्वपूर्ण उपलब्धि समेटिए पनि मधेसी, आदिवासी जनजातिलगायत समुदायका अधिकार तथा पहिचानका विषयमा अझै विभेद कायम रहेको बताउँदै आएको छ। संविधानमा रहेका विभेदकारी तथा त्रुटिपूर्ण प्रावधान संशोधन गर्नुपर्ने मागसहित पार्टीले असोज ३ लाई विरोध दिवसका रूपमा मनाउँदै आएको हो।

कार्यक्रममा जसपा नेपालका उपाध्यक्ष परमेश्वर साहले संविधान संशोधन नभएसम्म आफूहरूले संविधानप्रति अपनत्व महसुस गर्न नसक्ने बताए। उनले असोज ३ आफूहरूका लागि अझै पनि कालो दिनकै रूपमा रहेको धारणा राखे।

'संविधान संशोधन नभएसम्म हामीले संविधानप्रति अपनत्व देखाउन सक्दैनौँ। त्यसैले असोज ३ हाम्रा लागि कालो दिन नै हो,' उनले भने।

जसपा नेपालले संविधानमा अधिकांश सकारात्मक पक्ष समेटिए पनि विभिन्न समुदायका अधिकार र प्रतिनिधित्वसँग सम्बन्धित विषयमा अझै सुधार आवश्यक रहेको दाबी गर्दै आएको छ। पार्टीले संविधान संशोधन तथा परिमार्जनलाई आवश्यक ठान्दै त्यसका लागि बहस र अन्तरक्रियामार्फत दबाब सिर्जना गर्ने बताएको छ।

यसअघि असोज ३ लाई कालो दिवसका रूपमा मनाउँदै आएको जसपा नेपालले यस वर्ष भने केन्द्रीय निर्णयअनुसार देशभरका जिल्ला समितिलाई अन्तरक्रिया, बहस तथा विचार गोष्ठी आयोजना गर्न निर्देशन दिएको थियो। सोही निर्णयअनुसार धनुषामा पनि अन्तरक्रिया कार्यक्रम आयोजना गरी विरोध दिवस मनाइएको हो।

# असोज ३ लाई 'कालो दिन'का रूपमा स्मरण गर्दै जनकपुरमा तमलोपाका प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम।**

तराई–मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)ले २०७२ साल असोज ३ गते जारी गरिएको संविधानप्रति असन्तुष्टि जनाउँदै असोज ३ लाई 'कालो दिन'का रूपमा स्मरण गरेको छ। संविधान जारी भएको दिनको अवसरमा तमलोपाले शनिबार जनकपुरधामस्थित जनकचोकमा विरोध प्रदर्शन गरेको हो। मधेश आन्दोलनका क्रममा तथा संविधान जारी गर्ने क्रममा मधेशी र थारुमाथि राज्य पक्षबाट भएको दमनलाई पार्टीले नेपालको इतिहासको 'कालो पाना'का रूपमा व्याख्या गरेको छ।

असोज ३ का अवसरमा पार्टीको धारणा सार्वजनिक गर्दै तमलोपाले मधेश आन्दोलनमा ज्यान गुमाएका शहीद तथा आन्दोलनमा सहभागी भएकाहरूप्रति सम्मानसमेत व्यक्त गरेको छ।




तमलोपाका केन्द्रीय सदस्य उमेश कुमार मण्डलले संविधान जारी भएको दिनलाई उत्सवका रूपमा नभई मधेशी, थारुलगायत समुदायले भोगेको विभेद, दमन र अधिकारका लागि गरेको संघर्ष सम्झने दिनका रूपमा लिनुपर्ने बताए।

'मधेश आन्दोलनका क्रममा

बाँकी पृष्ठ ३ मा

# संविधानको मर्मअनुसार प्रभावकारी कार्यान्वयनमा जोड दिऔँः प्रदेश प्रमुख लाभ



**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले संविधानको मर्म र भावनालाई आत्मसात् गर्दै यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन्।

संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ का अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख लाभले नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त संविधानलाई संघीय लोकतान्त्रिक गणतन्त्रको आधारस्तम्भका रूपमा व्याख्या गरेका छन्। उनले संविधानले सुनिश्चित गरेका मौलिक अधिकार, लोकतान्त्रिक मूल्य–मान्यता र संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताएका छन्। संविधानको भावना र उद्देश्यअनुसार राज्यका सबै तह र पक्ष अघि बढ्नुपर्नेमा उनको जोड छ। प्रदेश प्रमुख कर्णले संविधानको प्रभावकारी कार्यान्वयनसँगै सुशासन, राष्ट्रिय एकता र सामाजिक सद्भाव सुदृढ गर्नु सबैको साझा दायित्व भएको बताएका छन्। संविधान दिवसले संविधानको रक्षा, कार्यान्वयन तथा लोकतान्त्रिक गणतन्त्रलाई थप संस्थागत गर्न सबैलाई प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्दै प्रदेश प्रमुख लाभले दिवसका अवसरमा सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गरेका छन्।

# प्याब्सन वाणी प्रतिभामा गौतम माविकी रीत रौनियार प्रथम



**मधेशदृष्टि**
**वीरगंज।**

संविधान दिवसको अवसरमा प्याब्सन पर्साले आयोजना गरेको अन्तरविद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता 'प्याब्सन वाणी प्रतिभा–२०८३' मा गौतम माध्यमिक विद्यालयकी छात्रा रीत रौनियार प्रथम भएकी छन्। परवानीपुरस्थित डीएभी स्कूलमा आयोजित प्रतियोगितामा विद्यासदन माध्यमिक विद्यालयकी अफ्रिना खातुन द्वितीय र द रोयल एकेडेमीकी नलिष्का प्रजापति तृतीय स्थान हासिल गर्न सफल

बाँकी पृष्ठ ३ मा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन